वर्ष : १४, अंक : ३७, काठमाडौं, २०७५ पुस २० गते शुक्रबार 4 January 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## रेशम चौधरीले लिए सांसदको शपथ



काठमाडौं । टीकापुर घटनाका मुख्य अभियुक्तका रूपमा पुर्पक्षका लागि थुनामा रहेका सांसद रेशमलाल चौधरीले पद तथा गोपनीयताको शपथ लिएका छन् । उनी कैलाली क्षेत्र नम्बर १ बाट निर्वाचित राजपाका सांसद हुन् । २०७४ सालको मंसिरमा भएको निर्वाचनमा निर्वाचित भएपनि चौधरीलाई शपथको साइत भने करीब १३ महिनापछि मात्र जुरेको छ । टीकापुर प्रकरणमा प्रतिवादी रहेकै अवस्थामा चौधरीले प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दर्ता गरेका थिए । निर्वाचनको बेला भारतमा भूमिगत रहेका चौधरी निर्वाचनमा विजयी भएपछि आफूविरूद्धको मुद्दाको प्रतिवाद गर्न कैलाली जिल्ला अदालतमा उपस्थित भएका थिए ।

डिल्लीबजार कारागारबाट प्रहरी गाडीमा राखेर उनलाई सिंहदरबारस्थित संसद् भवनस्थित कृषि समितिको बैठक हलमा पुऱ्याइएको थियो । त्यहीं सभामुख कृष्णबहादुर महराले उनलाई पद तथा गोपनीयताको शपथ दिलाए । सांसद चौधरीले थारू भाषामा शपथ लिएका छन् । शपथका बेला उनकी श्रीमती रञ्जिता श्रेष्ठ र छोरा पनि उपस्थित थिए । शपथपछि सभामुख महराले उनलाई माला लगाइदिए भने राजपाका नेताहरूले खादा लगाइदिएका थिए । राजपाले चौधरीलाई शपथ दिलाउनेलगायतका आफ्ना मागहरू पूरा नगरेकाले सरकारलाई दिएको समर्थन फिर्ता गर्ने चेतावनी दिएपछि सरकारले उनको शपथको व्यवस्था मिलाएको हो । राजपाका नेताहरूले सांसद चौधरीलाई शपथ दिलाउन र संघीय संसदको काम कारबाहीमा सहभागी हुने व्यवस्था गर्न संघीय संसदमा र सचिवालयसँग बारम्बार माग गर्दै आएका थिए ।

चौधरी गत वर्ष भएको प्रतिनिधि सभाको चुनावमा कैलाली क्षेत्र नम्बर १ बाट ३४३४१ मत ल्याएर विजयी भएका थिए । उनको निकटतम प्रतिस्पर्धी तत्कालीन वाम गठबन्धबाट एमाले उम्मेदवार मदनकुमारी शाह (गरिमा)ले १३ हजार ४०६ मत मात्र ल्याएकी थिइन् । चौधरी र शाहबीचको मतअन्तर २० हजार ९ सय ३५ थियो । २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा थारू आन्दोलन उत्कर्षमा पुगेको बेला डेढ वर्षीय नाबालकसहित आठ जना सुरक्षाकर्मीको सामूहिक हत्या भएको थियो । उक्त आन्दोलनलाई चर्काउन चौधरीले मुख्य भूमिका खेलेको आरोप लागेको छ । उनले चुनाव जितिसकेपछि गत फागुन १४ गते अदालतसामू आत्मसमर्पण गरेका थिए । न्यायाधीश परशुराम भट्टराईको इजलासले चौधरी कसुरदार छैनन् भन्न सकिने अवस्था नभएको भन्दै थुनामा पठाएका थिए ।

**शपथ लगतै जेल चलान**

यसैबीच चौधरीलाई डिल्लीबजार कारागारबाट प्रहरीले सपथका लागि सिंहदरबार ल्याएर फेरि कारागारमै फिर्ता लगेको छ । सपथ ग्रहणपछि पत्रकारहरूसँग कुराकानी गर्दै सांसद चौधरीले सांसदको सपथ खुवाएपछि जेल पठाउन मिल्छ भनेर प्रश्न गरेका छन् । उनले भने,' भर्खरैमात्र सभामुखले शपथ गराउनुभयो । यो लोगो लगाएको छु । यो लोगो सांसदको लोगो हो । एकजना सांसदलाई शपथ खुवाएर कारागार पठाउन मिल्छ कि मिल्दैन ? यो लोगोको सम्मान के हो ?'

## न संशोधन भयो, न समर्थन फिर्ता

# राजपाले अब के गर्छ ?

**मधेशवाणी डेस्क**

काठमाडौं । संविधान संशोधनसहित मधेशका मागहरू पूरा गर्नका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले राजपालाई दिएको एक हप्ताको समय मंगलबार सकिएको छ । अघिल्लो मंगलबार राजपाका शीर्ष छ नेताहरूसँग भएको सामूहिक भेटमा प्रधानमन्त्री ओलीलाई 'मधेशको मुद्दा सम्बोधन गर्न' एक साताको समय मागेका थिए । तर एक सातामा प्रधानमन्त्रीले अभिव्यक्त गरेको प्रतिवद्धता पूरा भएको छैन भने अब राजपाले पनि के गर्ने भन्ने अन्योलमा परेको छ । प्रधानमन्त्रीले लिएको समय सकिए पनि राजपा भने मौन छ । यद्यपी नेताहरूले 'सरकार विरूद्ध कडा कदम चाल्ने' चेतावनी दिन छाडेका छैनन् ।

संविधान संशोधन, कैलालीका सांसद रेशम चौधरीको रिहाई तथा मधेश आन्दोलनका क्रममा कार्यकर्तामाथि लगाइएको मुद्दा फिर्ता, आन्दोलनका घाइतेको उपचारलगायत माग राख्दै राजपाले गत वर्ष फागुनमा बनेको नेकपा नेतृत्वको सरकारलाई समर्थन गरेको हो । यी मागका विषयमा राजपाले पटक/पटक सरकारको ध्यानाकर्षण पनि गराएको छ भने सरकारले पनि पटक/पकट माग पूरा गर्ने भन्दै आएको छ ।

तर, एक सातामा सरकारले आफूहरूको मागप्रति केही चासोसमेत नदेखाएको राजपा नेताहरूको आरोप छ । तर सरकारले माग पूरा नगरे के गर्ने र पार्टीको आगामी बाटो के हुने भन्ने बारेमा नेताहरूबीच समान धारणा छैन । कसैले पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएर आन्दोलनमा जानु पर्ने तर्क गर्छन् भने कोही 'पर्ख र हेर'को नीति अझै अवलम्बन गर्नुपर्ने सुझाव दिन्छन् । पार्टीले माग पूरा गराउन स्पष्ट धारणा र भूमिका तय गर्न नसक्दा सरकारलाई सजिलो भएको छ । किनभने गत



प्रधानमन्त्री केपी शर्मा ओली



राजपा संयोजक राजेन्द्र महतो

मंसिरमा अध्यक्षमण्डलको संयोजक परिवर्तनपछि पार्टीमा देखिएको विवाद अझै समाधान हुन नसक्दा पार्टी अनिर्णयको बन्दी बनेको छ ।

यद्यपी पार्टी नेतृत्वभित्रै अन्योलता हुँदाहुँदै पनि राजपा नेताहरू भने सरकारलाई आन्दोलनको घुर्की र समर्थन फिर्ताको धम्की दिन छाडेका छैनन् । म्याद सकिँदा पनि सरकारले आफ्नो वचन पूरा नगरेको भन्दै अब आन्दोलनको विकल्प नरहेको नेताहरूले बताइरहँदा त्यसबारे पार्टीभित्र कुनै छलफल हुन सकेको छैन ।

वस्तुत: राजपाले उठाएका मुद्दा राम्रो हुँदाहुँदै पनि नेताहरूकै दोहोरो चरित्रका कारण उनीहरूलाई पत्याउन गाह्रो भइसकेको छ । किनभने उसले माग पूरा गराउनका लागि छठसम्मकै अल्टिमेटम दिएका थिए र त्यसअघि पनि पटक/पटक समर्थन फिर्ताको धम्की दिँदै आएका थिए । तर त्यसभन्दा अगाडि बढ्न सकेको छैन ।

मधेशका जनता राजपालाई यथास्थितिमा हेर्न चाहेका छैनन् । राजपाले उठाउँदै आएको मुद्दा सम्बोधनका लागि उसले विशेष पहल गरोस् भन्ने आम मधेशीको चाहना हो । तर पार्टी भित्रको आन्तरिक कलह, नेताहरूबीचको वैमनश्यता र कमजोर संगठनका कारण उसले कठोर कदम उठाउन सकेको छैन । पार्टीकै एकथरी नेता ओली नेतृत्वको सकरारका सहभागी हुन खोजिरहेको परिपेक्ष्यमा उबाट धेरै अपेक्षा पनि गर्न सकिदैन । किनभने राजपाले सरकारलाई धेरै चिड्याउन चाहेको छैन र उसले सरकारमा जान अनुकूल वातावरण खोजिरहेको छ ।

यता, प्रधानमन्त्री ओलीले मधेशको मुद्दा पूरा गर्ने प्रतिबद्धता जनाएको पनि पहिलो पटक होइन । राजपा नेपालले समय तोकेर छलफलका लागि जाँदा पनि प्रधानमन्त्रीले पटक/पटक प्रतिबद्धता जनाएका थिए तर आजसम्म उनको प्रतिबद्धता पूरा भएको छैन । र यस्तो प्रतिवद्धता केपी ओलीको मात्र होइन । विगत १० वर्षदेखि यस्तै भइरहेको छ । विगतका प्रधानमन्त्रीहरूले पनि यस्तै प्रतिबद्धता कयौं कति पटक दोहऱ्याएको इतिहास साक्षी छ । तर आजसम्म कसैको प्रतिबद्धता पूरा गर्नुभएको छैन ।

## फोरम-राजपाको विकल्प छैन : यादव



राजविराज । संघीय समाजवादी फोरमका अध्यक्ष उपप्रधानमन्त्री एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवले प्रदेश २ मा सरकार हेरफेरको कुनै सम्भावना नरहेको बताएका छन् । उनले मधेशमा फोरम-राजपा गठबन्धन सरकारको विकल्प नभएको पनि बताए । राजविराजमा पत्रकारहरूसँग कुरा गर्दै यादवले प्रदेश सरकार तत्काल परिवर्तन हुन नसक्ने स्पष्ट पर्दै सरकार परिवर्तनको हल्लाको पछि नलाग्न आग्रह गरे ।

यादवले संविधान संशोधनको मामिलामा सरकार सकारात्मक रहेको पनि दाबी गरे । संशोधनका लागि आवश्यक गृहकार्य भइरहेको र संविधान संशोधनको विषयको कुनै समयसीमा नहुने उल्लेख गरे ।

यादवले सप्तरीमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने सरकारी निर्णयसँगै जग्गा हेर्ने काम शुरू गरि सकिएको बताए । यो स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण भएपछि सप्तरी जिल्ला स्वास्थ्य उपचारको केन्द्रबिन्दु बन्ने उनले विश्वास व्यक्त गरे ।

## सपथ सकारात्मकः महतो

काठमाडौं । रेशम चौधरीलाई सांसदको शपथ ग्रहण गराइएकोमा राजपा नेपालका अध्यक्ष मण्डलका संयोजक राजेन्द्र महतोले सरकारको कदमलाई सकारात्मक रूपमा लिएको बताएका छन् । उनले पत्रकारहरूसँग संक्षिप्त कुराकानी गर्दै चौधरीको शपथग्रहणले जनताको अभिमत र लोकतन्त्रको सम्मान भएको बताएका हुन् । उनले चौधरी संसदको लोगोको हकदार रहेको पनि बताए । महतोले भने, 'अब न्यायालयले पनि न्याय दिनुपर्छ । अदालतलाई सम्मान गर्ने लोकतान्त्रिक पार्टी भएकाले त्यसैअनुसार अगाडि बढ्छौं ।' उनले अब संविधान संशोधन र लक्ष्मण थारू लगायतका बन्दीहरूलाई रिहा गर्नुपर्ने पनि माग गरे ।

## शीतलहरबाट बचाउन सांसदको आग्रह



काठमाडौं । प्रतिनिधिसभामा राजपा नेपालकी सांसद रानी मण्डलले तराई मधेशका जनता चिसोबाट प्रभावित भएकाले सरकारलाई राहतको व्यवस्था गर्न आग्रह गरेकी छन् । सांसद मण्डलले संसदको शून्य समयमा बोल्दै भनिन, 'तराईमा जनता चिसोले कठ्यांग्रिएको छ । गरिबलाई शीतलहरको कहरबाट बचाउन सरकारले कपडा र आगोको व्यवस्था गरोस् ।' त्यसैगरी सांसद मण्डलले मधेशमा गहुँ बालीको लागि मलखादको व्यवस्था गर्न पनि माग गरिन् । उनले मधेशका जनता कृषि पेशामा रहे पनि मलखादको अभाव भएको बताइन् ।

यसैबीच प्रधानमन्त्री कार्यालयमा निर्माण हुन लागेको 'वार रूम'को निर्माण जिम्मा चिनियाँ कम्पनी हुवावेलाई दिएकोप्रति संघीय समाजवादी फोरमकी सांसद सरिता गिरीले संसदमा विरोध गरेकी छिन् । प्रतिनिधिसभा बैठकमा गिरीले युरोपेली देश र अमेरिकासमेत सशंकित रहेको कम्पनीलाई मुलुकको प्रधानमन्त्री कार्यालयको प्रविधि निर्माणको जिम्मा दिनु सुरक्षाका कारण आपत्तिजनक भएको बताइन् । उनले भारतबाट सुरक्षा खतरा रहेको भनेर राष्ट्रवादी रूप देखाउने तर चीनलाई सुरक्षाका विविध क्षेत्र निर्माणमा जिम्मा दिने भन्दै आपत्ति जनाइन ।

**समय-सन्दर्भ**

**डा.राजेश अहिराज**



# नेपाली नै नेपालीको पहिचान

**राष्ट्रिय भनिएका दलहरूको विधानमा देशलाई खण्डित गरिने गरी विधान नै तयार हुन्छन् । संविधानमा 'नेपाली' भन्ने मात्रै शब्द प्रयोग हुनु पर्थ्यो । तर जनजाती, खस, आदिवासी, मधेशी, मुस्लिम आदि आदि शब्द प्रयोग भए ।**

धेरैपछि मुलुकले स्थिर र सबल सरकार पाएको छ । तर स्थिर सरकारका तरंग अलि बढी नै लहरिएको छ । यो किनभने जुन जोशमा राजा सन्तुष्ट र प्रशासक असन्तुष्ट हुन्छन, त्यो देशको भलो कहिले हुँदैन, स्थिरता पनि हुँदैन । कलान्तरमा क्षणिक स्थिरता देखिएला तर त्यो स्थायी चाँही हुँदैन ।

वर्तमान दुई तिहाइको सरकारको परिणाम कामले देखाउने कुराहरू हुन् । जनताको भान्छासम्म, जनताको घरआँगनसम्म, मजदुर, किसानको मनसम्म सुधार आएको छैन । दस्तावेजमा, कानुनमा, संविधानमा, अभिव्यक्तिमा, भाषणमा र गोष्ठीमा सुधार आयो तर जनजिविकामा सुधार आएन । असमानताहरूबीच समान प्रतिस्पर्धा गराइयो भने नतिजा पनि असमान नै आउँछ । कुनै पनि प्रतिस्पर्धामा सहभागी हुने सीप, अवसर र क्षमतामै विभेद छ भने त्यसबाट समानता आउन सक्दैन ।

सडकमा खाल्डाखुल्डी छ भने नयाँ गाडी भएर पनि त्यसले गति लिन सक्दैन । समाजमा खाल्डाखुल्डी धेरै छन् । त्यसकारण समाजले गति लिन सक्दैन । जुम्लाको एक बालकले काठमाडौंको महंगो विद्यालयमा पढेको बालकसँग कसरी प्रतिस्पर्धा गर्न सक्छ ? जबसम्म स्वास्थ्य र शिक्षा समान हुँदैन तबसम्म देशको विकास हुँदैन ।

जुन देशमा उच्च र तल्लो तहको निर्माण भएर पनि मानिसहरूले राम्रो सेवा सुविधा पाएका छन्, त्यहाँका जनताको जीवनस्तर माथिल्लो हुन्छ । उनीहरू ३ महिना काम गरेर पनि वर्षभर बाँच्ने आधार पाइरहेका हुन्छन् । विदेश भ्रमण गर्न सक्ने क्षमता आर्जन गरिरहेका हुन्छन् । तर नेपालमा १२ महिना काम गरेर १० महिना मात्रै खान पुग्ने अवस्था छ ।

हाम्रो जस्तो देशमा स्वास्थ्य र शिक्षा निःशुल्क हुनुपर्छ । हाम्रो सरकारले नुन, चामल, खसी, तेल बेच्छ तर स्वास्थ्य र शिक्षा व्यापारीको हातमा पुऱ्याइदिन्छ । लोककल्याणकारी मुलुकले निगरानी गर्नु पर्ने हो, आफैले व्यापार गर्ने होइन ।

यसअघि नेपालका कानुन र संविधानले मधेशीलाई काम नदिनू, दलितलाई हेला गर्नु, जनजातिलाई अवसर नदिनु भनेका थिएनन् । विभेद लेखेर गरिँदैन । नेपालीको समस्या भनेको नीतिगत होइन, नियतिगत हो । हामी अविकसित भएको होइन, अव्यवस्थित भएका हौं । हाम्रा नेताहरू दल, गुट, टुक्रे समुदाय, जात तर परिवारका लागि चिन्तित छन् । देशका लागि चिन्तित छैनन् ।

नेपालमा गणतन्त्रसम्म आइपुग्दा राष्ट्रिय पार्टीको अध्यक्ष मै हुँ भन्नेहरूको आफ्नै गाउँमा स्वास्थ्य, शिक्षा, सडक कुनै पनि क्षेत्र राम्रो छैन । नेपालमा जनताको लागि होइन जनताको नाममा राजनीति हुन्छ । राष्ट्रिय भनिएका

*बाँकी पृष्ठ २ मा*





# सम्पादकीय



## संसदको अधिवेशन र संशोधनको मुद्दा

संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)को अधिवेशन शुरू भइसकेको छ। तीन महिनापछि बसेको बैठकको पहिलो दिन संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताले सम्बोधन गरे। सम्बोधनका क्रममा नेताहरूले विभिन्न समसामयिक मुद्दामा आवाज उठाए तर मधेशको मुख्य सरोकार रहेको विषयमा कसैले आवाज उठाएनन्। प्रतिपक्षी, विपक्षी नेताले सरकारले प्रभावकारी रूपमा काम गर्न नसकेको धारणा व्यक्त गरे पनि उनीहरूले संविधान संशोधनको विषयमा गम्भीरता देखाएनन्। संसद जनताका समस्यामा छलफल गर्ने थलो भएकाले यी विषयमा सांसदहरूले प्राथमिकताका साथ आवाज उठाउनु जरूरी छ।

यो संघीय संसद्को तेस्रो अधिवेशन हो। यसअघि सम्पन्न अधिवेशनबाट केही महत्वपूर्ण विधेयक पारित भइसकेका छन्। संविधानले नै समयसीमा तोकेर संसद्बाट सम्पादन गर्नुपर्ने केही काम बाँकी छन्। यी काम सम्पन्न गर्नुपर्ने भएकाले यो अधिवेशन महत्वपूर्ण छ।

संसद् जनसरोकारका विषयमा छलफल गर्ने थलो हो। तत्कालीन समस्या समाधान गर्न सरकारलाई झकझ्काउनेदेखि जनता र मुलुकलाई दीर्घकालीन असर पुऱ्याउने ऐन, कानून, नीति बनाउनमा जनप्रतिनिधिको गम्भीर ध्यान पुग्नुपर्छ। संसदमा हुने छलफललाई औपचारिकता मात्रै नठानी विषयवस्तुमाथि गहन बहस हुनुपर्छ र त्यसले ठोस परिणाम र मार्गदर्शन दिनुपर्छ। जनप्रतिनिधिले संसदमा देखाउने सक्रियता सर्वसाधारण जनताको अपेक्षा हुन्छ।

संविधान कार्यान्वयनका लागि संशोधन हो भने साँचो अर्थमा संविधान कार्यान्वयन हुने स्थिति बन्नुपर्छ।

**संविधान संशोधन समग्र देशकै आवश्यक्ता हो भने ठूला दलहरू नेकपा र कांग्रेसको प्राथमिकतामा किन नपरेको भन्ने एउटा गम्भीर प्रश्न पनि हो।**

अहिलेका दुई तिहाईको सरकारले देशको हितका लागि समस्या समाधान गर्छ भन्ने आशामा मधेशी जनता बसेका छन्। तर, यति समय बितिसक्दा यो सरकारले अहिलेसम्म संविधान संशोधनको कुनै क्रियाकलाप नदेखाउँदा प्रष्टिएको छ कि सत्ता सञ्चालकहरूको नियत ठिक छैन। त्यसैले अहिले अन्योलपूर्ण अवस्थामा परिणत हुँदै गइरहेको छ। तर संशोधनका लागि मधेशका दुई शक्ति संघीय समाजवादी फोरम र राजपाको धार फरक छ। दुवैले आआफ्नै तरिकाबाट संशोधन गराएर त्यसको यश लिन चाहेका छन्। यद्यपी संविधान संशोधन गराउनैका लागि अहिले फोरम सरकारमा पनि सहभागी छ।

प्राविधिकरूपमा सरकारसँग दुई तिहाई पुगेकाले संशोधनका लागि सहज हुन्छ भनेर फोरम सरकारमा गएको हो। तर, संशोधनका लागि सरकारलाई जति घच्घचाउनुपर्ने हो, कुरा उठाउनुपर्ने हो त्यो देखिएको छैन। त्यसकारणले शंका उत्पन्न भइरहेको छ कि फोरम सत्ताको भोग भोग्नका लागि मात्र गएको हो कि।

संविधान संशोधन समग्र देशकै आवश्यक्ता हो भने ठूला दलहरू नेकपा र कांग्रेसको प्राथमिकतामा किन नपरेको भन्ने एउटा गम्भीर प्रश्न पनि हो। यी ठूला दलहरूमा देशहितको सोच नभएकोले संविधान संशोधन उनीहरूको प्राथमिकतामा नपरेको हो। यसलाई राजनीतिक बेइमानी भन्न मिल्छ। संविधान संशोधन यदि राष्ट्रिय मुद्दा हो भने यी ठूला दलहरूको प्राथमिकतामा नपर्नु चिन्ताको विषय हो।

संविधान संशोधन गर्नु भनेको भइरहेको प्रावधानमा परिवर्तन गरेर नयाँ बनाउनु जस्तै हो। वर्तमान संविधानको केही धारामा मात्र परिवर्तन गर्नुलाई संविधान संशोधन गर्ने भनिएको छ। संविधान जारी हुनासाथ संसद्को निर्वाचन गराएर यो विवाद समाधान गरिनु पर्दथ्यो।

एक साताअघि प्रधानमन्त्री केपी शर्मा ओली र राजपा नेपालका शीर्ष नेताबीच संविधान संशोधन विषयमा छलफल भएको थियो जसमा सात दिनभित्रमा समाधानमा पुग्ने सूत्र खोज्ने सहमति पनि भयो।

तर, सहमतिको सात दिनपछि भने दुवै पक्ष यो विषयमा बेखरजस्तै छन्। संशोधनको माग गर्ने दलले यो विषयमा खासै चासो प्रकट देखिएको छैन। राजपाको आन्तरिक विवादका कारण सरकारसँगको पछिलो सहमति नै सम्झन सक्ने अवस्थामा छैन। १० पुसमा भएको छलफलपश्चात् एक साताको समय यतिकै बितेको छ भने दुवै पक्ष बेखबर छन्। यो जारी संसदको अधिवेशनमा पनि संविधान संशोधन भएन भने त्यसको जिम्मेवारी कसले लिन्छ-सरकार, फोरम वा राजपाले ?

## साताको सात बात



अदालतमा बाह्य हस्तक्षेप, इजलासमा चलखेल र बिचौलिया अन्त्य गर्न कठोर हुनेछु। मैले चेहेरामा घाउ हुने काम गर्ने छैन। सर्वोच्च अदालतको सम्मानमा आएको कमीलाई माथि उठाउन र निष्पक्ष निर्णय लिएर अगाडि बढ्न म सक्दो प्रयास गर्नेछु। **चोलेन्द्रशमशेर जबरा, प्रधानन्यायाधीश**



हामीले लामो सङ्घर्ष पछि नेपालमा लोकतान्त्रिक व्यवस्था ल्याएका छौं, यसको खिलापमा कोही पनि जान खोज्यो भने त्यो मुलुकका लागि दुर्भाग्य हुन्छ। निर्वाचनमा सामना गर्नुपरेको हारबाट पाठ सिक्दै अबको दिनमा अगाडि बढ्न जरूरी छ। **रामचन्द्र पौडेल, वरिष्ठ नेता, नेपाली कांग्रेस**



मधेशमा फोरम-राजपा गठबन्धन सरकारको विकल्प छैन। सरकार परिवर्तनबारे बाहिर भइरहेको हल्ला निरर्थक हो यसको पछि नलाग्नु होला। संशोधनको मामिलामा सरकार सकारात्मक रहेको छ। संशोधनका लागि आवश्यक गृहकार्य भइरहेको छ। **उपेन्द्र यादव, उपप्रधान तथा स्वास्थ्यमन्त्री**



कर्मचारी समायोजन प्रक्रियामा असहयोग गर्ने कर्मचारीलाई कानुन बमोजिम कारबाही हुन्छ। जनताको सेवालाई घरदैलोमा पुऱ्याउन संघीय प्रणालीको आवश्यकता परेको हो। समायोजन कर्मचारीको लागि अवसरको पुलिन्दा हो। समायोजनबाट तर्सिनु पर्दैन। **लालबाबु पण्डित, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री**



प्रदेश नम्बर दुईमा सञ्चालित 'बेटी बचाऊ, बेटी पढाउ' अभियान हामी सशक्त रूपमा अगाडि लिएर जान्छौं र सार्थक पाछौं। महिलाका लागि अब ५० प्रतिशत स्थान सुरक्षित गरिने छ। साथै आगामी माघ एक गतेदेखि जन्मने छोरीको एक लाख रूपैयाँको जिबन बिमा सरकारले गरिदिने छ। **मो.लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**



प्रदेशमा संचालित राष्ट्रिय गौरवका आयोजना समयमा नै पुरा गर्न हामी प्रतिबद्ध भएर लागेका छौं। काम सम्पन्न गर्न कुनै समस्या भए समाधानका लागि प्रदेश सरकारको ध्यान आकर्षण गर्नुपर्छ। प्रदेश ५ मा पर्यटन प्रवर्द्धन गर्न विकासका कामहरूलाई जतिसक्दो छिटो सक्याउनु अहिलेको आवश्यकता हो। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



स्थायी कमिटीको बैठकले प्रधानमन्त्री र मन्त्रीहरूलाई जर्बजस्त सन्देश दिएको छ। खासगरी कतिपय मन्त्रीको नामै लिएर टिप्पणी भएका छन्। यदि उहाँहरूले आफ्नो कार्यशैली, सोचहरू बदल्नुभएन भने टिकट काटिन्छ भन्ने सन्देश पनि गएको छ। **योगेश भट्टराई, नेता, नेपाल कम्युनिष्ट पार्टी**

# मधेशी दलहरूको भरियागिरी प्रवृति

मधेश आन्दोलनमा मधेशी जनताले आफ्नो हक अधिकारका लागि बलिदानी दिएका छन्। २०४७ सालदेखि अहिलेसम्म विभिन्न रूपमा जसरी संघर्षहरू भए त्यसबाट मधेशका मुद्दाहरू स्थापित भएका हुन्। भूमिगत समूहबाट र मधेश आन्दोलनमा गरेर ५०० जनाभन्दा बढी मधेशीहरूले शहादत प्राप्त गरिसकेका छन्। हजारौंको संख्यामा घाइते भए तर मधेशले खोजेको माग र मागेका अधिकारहरू अहिलेसम्म प्राप्त भएको छैन। संघीय समाजवादी फोरम, जसरी नयाँ नाम लिएर उदय भयो र विभिन्न साना साना ६ दलहरू मिलेर राजपा नेपाल पार्टीको निर्माण भयो, यिनीहरू मधेशको मागप्रति इमान्दार नभएर सत्ता र भत्ताको राजनीतिमा मात्र लागे। मधेशमा शुन्यता देख्या परेको छ र यही शुन्यताको अवस्थामा राजपा र फोरमले मधेशको मुद्दालाई लिएर अगाडि बढ्न सक्दैन। यिनीहरू सत्ता समपर्णवादी र मुद्दा विसर्जनवादी पार्टीको रूपमा मात्र रहे। यो अवस्थामा तमरा अभियानले मधेशमा एउटा नयाँ राजनीतिक शक्तिको विकास गर्ने उद्देश्यले द्रुत गतिले अगाडि बढिरहेको छ।

फोरम र राजपाले विगतमा जे-जसरी राजनीति गरेर, मधेशीको साथमा बेइमानी गरेर २०७४ साल मंसिर २१ गतेको चुनावमा एक मौका दिऊँ के हुन्छ, भनेर हेर्ने खोजेका थियौं। विगतमा गरेका गल्तीहरूलाई सुधारेर मधेशको राजनीतिलाई सही ट्र्याकमा ल्याउँछन् कि भनेर हामीले हेरेर बसेको स्थिति पनि थियो। तर, भित्रभित्रै हामीले जनताको बीचमा विचारहरूको सम्प्रेषण गरिरहेका थियौं। अब उचित समय आइसकेको छ। हाम्रो अभियानलाई सांगठनिक रूप दिएर अगाडि बढ्नुपर्छ भन्ने हिसाबले अगाडि आएका छौं।

सीके राउतजीको स्वतन्त्र मधेशको एउटा अर्को धार छ हामी त्यसभित्र छैनौं। हामी समग्र मधेश एक प्रदेश, अन्तर्राष्ट्रिय मूल्य र मान्यताअनुसार अधिकार सम्पन्न स्वायत्त मधेशको कुरा गर्दैछौं। अहिले मधेशमा सीके राउतजीको धार र हाम्रो धार गरी दुई धार मात्र छन्। फोरम र राजपालाई एउटा शक्तिको रूपमा मान्नुहुन्छ भने त्यो एउटा ठूलो भूल हुनेछ। उनीहरू केही धार वा शक्ति होईनन्। उनीहरू मधेशको राजनीतिबाट स्थापित भएर नेपाली कांग्रेस र कम्युनिष्ट जस्तै सत्तामुखी धार मात्र हुन्। उनीहरूलाई मधेश र मधेशी जनतासँग कुनै सरोकार छैन।

मधेशको राजनीति त्यति परिपक्क भइसकेको छैन। मधेशी जनताको स्थानीय र प्रदेशको चुनावमा कुनै विकल्प थिएन। यही दलहरूको आह्वानमा विभिन्न आन्दोलनहरू भए, यत्रो बलिदान मधेशी जनताले दिएका छन् एकपटक यिनै दललाई मतदान गरौं भनेर मात्र मधेशका जनताले मत दिएका हुन्। आउने दिनमा मधेशी जनता पनि सचेत हुनेछन् र यस्ता दलहरूलाई मधेशको धर्तीबाट लखेट्ने नै छन्।

२०७० साल जेठ २ गते सबै मधेशवादी दलहरू बसेर मधेशलाई ६ टुक्रामा बाँड्ने भन्ने सम्झौतामा हस्ताक्षर गरेकै हुन्। त्यो समयमा स्थापित भएको मान्यतालाई नै खस सत्ताले ६ टुक्रामा मधेशलाई विभाजित गरेर अहिलेको अवस्थामा ल्याएको हो। दुई प्रदेश वा ६ प्रदेश भन्ने यिनीहरूको वास्तविक माग होईन। यिनीहरूको वास्तविक माग जसरी पनि मधेशको मुद्दालाई चुनावमा उठाएर आन्दोलनको नाममा मधेशी जनताको हत्या गराएर, मधेशको जनतालाई भोट बैंकको रूपमा प्रयोग गर्नु हो यही मान्यता अनुसार नै फोरम र राजपाले राजनीति गर्दैछ।

राजनीतिमा सबै सम्भावनाहरू जिवित रहन्छन्। मधेशको जनताको संगठित शक्तिमा निर्भर हुने कुरा हुन्। राज्यले मधेशीको कमजोरीको फाइदा उठाएर मधेशी दलहरूको एउटा भरियागिरी प्रवृतिको सिर्जना गरिदिएको छ। जुन यही सरकारका प्रतिनिधिको रूपमा काम गर्छन्। यसै कारणले गर्दा मधेशको खण्डीकरण हुन गयो। संविधानले खाली संघीयताको खोल मात्र ओढेको छ। वास्तविक अर्थमा यो संविधान नै होइन। यसमा प्रदेशको आर्थिक, राजनीतिक अन्य विभिन्न अधिकारहरू सबै संघमा नै केन्द्रित गरिएको छ। प्रदेश र त्यहाँको मुख्यमन्त्री भनेको एउटा देखावटको लागि मात्र राखेर अधिकारविहीन बनाइएको छ। संघीयता भनेकै काठमाडौं केन्द्रित अधिकारलाई विभाजन गर्नु हो तर यो अर्थमा नेपालमा संघीयता कार्यान्वयन हुने देखिदैंन।

एक प्रदेश एक प्रदेशको मुद्दा उठ्दाखेरी थरूहटहरू यसको विरोधमा छन् भनेर राज्यद्वारा सुनियोजित तरिकाबाट उब्जाइएका मुद्दा र हल्ला मात्र हुन्। २०६८ सालको जनगणना अनुसार लगभग २४/२५ लाख जनसंख्या थारूहरूको मधेशमा भएर पनि थारूहरूले के पाए त ? उनीहरूले कुनै थरूहट राज्य वा कुनै संरक्षित क्षेत्र पाए ? थारूहरूले पनि राज्यद्वारा फैलाइने भ्रममा नपरी एक मधेश एक प्रदेशको पक्षमा लाग्छन् भन्ने मलाई विश्वास छ।

२०६५ साल जेठ १५ गते प्रथम चोटी प्रचण्ड नेतृत्वको सरकारमा गएदेखि बाबुराम भट्टराई नेतृत्वका सरकारसँग खिलराज रेग्मी नेतृत्वको सरकारसम्म सहभागी भए। सरकारमा जाँदाखेरी यिनीहरूले केही एजेण्डा त अगाडि ल्याउँछन् र राज्यपक्षसम्म केही सम्झौता त गर्छन् तर त्यो सम्झौतामाथि कति दृढ रहन्छन् त्यो सबैले बुझेकै छौं। वास्तवमा यिनीहरूलाई मधेशसँग केही लिनु दिनु नै छैन। यिनीहरूको मुख्य लक्ष्य भनेकै सत्ता प्राप्ति हो। यिनीहरूको सत्ताका लागि मात्र एकजुट हुन्छन् र विभिन्न समयमा अनेक मुद्दालाई सतहमा ल्याइरहन्छन्। यी दलहरू मधेशबाट संचालित छैनन्। कुनै बाहिरी शक्ति केन्द्रबाट संचालित छन् भन्ने लाग्छ। घटनाक्रमले बताइराखेको छ कि यिनीहरू मधेशका समस्याहरूलाई गम्भीर रूपमा लिएर समाधान गर्न तर्फ उन्मुख हुँदैनन् र विभिन्न बहानामा मधेशको मुद्दा जिउँदै राखेर त्यसबाट फाईदा लिन चाहन्छन्।

सरकारलाई समर्थन गर्नु भनेकै सरकारमा प्रत्यक्ष रूपमा बस्नु हो। जनतालाई भ्रम छर्नको लागि त जे पनि भन्न सकिन्छ तर सरकारको समर्थन नै अप्रत्यक्ष रूपमा सरकारमा सहभागी हुनु हो। यिनीहरूको चरित्रलाई मधेशी जनताले राम्रोसँग बुझेका छन् र आउने निर्वाचनमा यी दललाई मधेशी जनताको साथ रहन्छ भन्ने लाग्दैन। अस्ति प्रधानमन्त्री केपी ओलीलाई राजपाका नेताहरू भेट्न गएका थिए। ओलीजीले प्रष्ट रूपमा भन्नुभएको छ कि - तपाईहरूले केन्द्रीय सरकारलाई दिएको समर्थन फिर्ता लिनुहुन्छ भने २ नम्बर प्रदेशमा हाम्रो पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएर सरकार निर्माण गर्छ। त्यही भएर यिनीहरू केही जवाफ नदिई फर्किएका हुन्। यिनीहरूले सरकारलाई दिएको समर्थन फिर्ता लिएर सडक आन्दोलन गर्ने भन्नु बहाना मात्र हो। राजपा नेपाल सत्तामा जानको लागि बार्गेनिङ मात्र गर्दैछ।

प्रधानमन्त्रीले सुरूदेखि नै औचित्य र आवश्यकताको आधारमा संविधान संशोधन गर्छौं भन्दै आउनुभएकै हो। ओलीजीले अहिले पनि आफ्नै विचारमा दृढ छन्। राजपाका नेताहरू गईसकेपछि खोक्रो आश्वासन मात्र दिएका हुन्। दुवै पक्षले मधेशी जनतालाई झुक्याउने मात्र हुन्।



आर.डी आजाद

**फोरम र राजपालाई एउटा शक्तिको रूपमा मान्नुहुन्छ भने त्यो एउटा ठूलो भूल हुनेछ। उनीहरू केही धार वा शक्ति होईनन्। उनीहरू मधेशको राजनीतिबाट स्थापित भएर नेपाली कांग्रेस र कम्युनिष्ट जस्तै सत्तामुखी धार मात्र हुन्। उनीहरूलाई मधेश र मधेशी जनतासँग कुनै सरोकार छैन।**

वार्ता त चुनावको पहिलेदेखि नै भएकै हो। दुई कारणले गर्दा यी पार्टीहरूबीच एकीकरण सम्भव छैन। पहिलो उपेन्द्रजी कतैबाट संचालित छन् भने राजपा अन्तै कतैबाट संचालित छ। यिनीहरूको इच्छा फरक फरक छ। उपेन्द्र यादवमा जस्तो किसिमको राजनीतिक अहंकार, राजनीतिक संस्कारविहीन अवस्था र सत्ता लोलुप्पता छ। यी कुराहरूलाई हेर्दा उपेन्द्र यादवले सहजै एकीकरण गर्लान् भन्ने लाग्दैन। यदि एकीकरण भईहाल्यो भनेपनि त्यसले खासै अन्तर केही पार्छ जस्तो लाग्दैन।

(तमरा अभियानका नेता आजादसँग गरिएको कुराकानीको आधारमा)

## नेपाली नै नेपाली...

दलहरूको विधानमा देशलाई खण्डित गरिने गरी विधान नै तयार हुन्छन्। संविधानमा 'नेपाली' भन्ने मात्रै शब्द प्रयोग हुनु पर्थ्यो। तर जनजाती, खस, आदिवासी, मधेशी, मुस्लिम आदि आदि शब्द प्रयोग भए। दलहरूका विधान त्यस्तै छन् जसले नेपाली-नेपालीबीच फाटो ल्याउने गरी जनताहरूको कित्ताकाट गरिदिएको छ। यी सब पहिचानका अवयव होइनन। नेपालीको पहिचान नेपाली नै हो।

मान्छेले कसरी सोचेको हुन्छ, त्यसमा भर पर्छ। एक नेपाली भएर सोचिन्छ भने सोच्ने व्यक्ति नेपाली मात्रै हुन्छ। जातको धर्मको रूपमा आफूलाई उसले सोच्दछ भने ऊ त्यही जाती र धर्मको मात्रै हुन्छ। सोच्ने मानिसको स्तरले पनि यी कुराहरूको निर्धारण गर्छ। राष्ट्रिय नेताले क्षेत्रीय सोच राख्ने, जातीय व्यवहार र पारिवारिक आम्दानी गर्ने हुनहुँदैन। जस्तो चित्र हुन्छ, त्यस्तै चरित्र पनि हुनुपर्छ। जस्तो पद छ, त्यस्तै भूमिका हुनुपर्छ। जस्तो मन्तव्य छ, गन्तव्य पनि त्यस्तै हुनु पर्छ। नेताहरूको न धार, न धारणा न धरातल प्रष्ट छ।

मलाई यो कुरा भन्दा लज्जाबोध हुन्छ कि नेताहरू गुटका लागि छलफलमा जुट्छन्। दलका लागि छलफल गर्छन् र खुलेरै भन्छन् कि अब यो पार्टीलाई बलियो बनाउने हो। कसैले पनि यो देशलाई बलियो बनाउने हो कसैले भन्दैनन्। नेपालमा राष्ट्रवादीहरू धेरै भए। देशभक्त कम। राष्ट्रवाद र देशभक्ति फरक कुरा हो।

यसअघिका सरकारहरूका कार्यशैली, बिचौलियाहरूको पहुँच, नीजि लाभ, दवाब, भ्रष्टाचार हेर्दा वर्तमान सरकार सफा छ। तर यो सरकारले बोले जति कुरा जनताको आँगनसम्म पुगेको छैन। गाउँगाउँमा सिंहदरबार भनियो, सिंहदरबार आयो आएन थाहा भएन तर गाउँगाउँमा राजारानी पुगेको भन्न थालिएको छ। जनताको यो गुनासो सहि हो। किनभने जनताले स्वराजको अनुभव गर्न सकेको छैन। जनताले मागेको भन्दा बिल्कुल फरक नेताहरूले दिएका छन्। नेपालका कुनै पनि भूगोलका कुनै पनि जनताले धर्मनिरपेक्ष बनाउ भनेका थिएनन्। यस्तो भताभुंगे संघीयता लागू गर पनि भनेका थिएनन्। जुन नेता र दलहरूले राजसंस्था हटाए, धर्मनिरपेक्षता लादे, जसले संघीयता लादे उनीहरूले चुनावको बेला यस्तो परिवर्तन गर्छौं भनेकै थिएनन्। सुन दिन्छु भनेका थिए लसुन दिए। नेताहरू लिडर होइन, डिलर भए।

विगतका सरकारसँग तुलना गर्दा वर्तमान सरकार सफा छ भन्दा भन्दै विवादमा पनि फसकेको साँचो हो। किनभने यहाँ फोहोर धेरै छ। फोहोर सफा गर्नेलाई अलिअलि दाग त लागिहाल्छ। यति धेरै बौद्धिक लठैत छन् कि जति राम्रो गर्न खोजे पनि केही मानिसहरू विरोधमै बोल्छन्। कतिपय नेताहरू नियतवस पनि सरकार बदनाम गराउन लागेका छन्।

उदाहरणका लागि एक वरिष्ठ अधिवक्ता भइसकेको मान्छेले यहि संविधानको विरोध गऱ्यो। पछि त्यही संविधानअन्तर्गतको संसदीय व्यवस्थाको एक समितिको अध्यक्ष पनि भयो। उसले त्यसपछि ड्राइभरको तलब पनि आफैंले खायो। काठमाडौंमै घर भएर पनि घरभाडा बुझ्यो। के उसलाई कानुन र विधिको ज्ञान थिएन होला ? मधेशका राम्रा नेताहरूले पनि सरकारको १२ हजार खाइदिएर पनि सरकारको बदनाम गरिदिएका छन्।

वर्तमान सरकारले सुधारका प्रयास गरेको छ। पहिलेजस्तो पैसा दिएर सरूवा हुँदैन, पैसा दिएर प्रहरीमा जागिर पाइँदैन, बिचौलियाहरूले सरूवा, बढुवाका लागि क्रियाशील भएको अवस्था पनि छैन। तर पनि यो सरकारले बोलेका जति काम गर्न सकेको छैन।

सञ्चारमन्त्री र प्रधानमन्त्री दुबैले बोलेर होइन काम गरेर सबै प्रश्नहरूको व्यवहारिक जवाफ दिनुपर्छ। बोल्न कम गर्नुपर्छ। जति पनि मानिसहरूले प्रश्न गर्छन्, त्यसको जवाफ शब्दमा होइन, कामले दिनु पर्छ। बोल्ने काम प्रवक्ता, आलोचक, प्रतिपक्षलाई दिनुपर्छ।

जसले पिए नै नियुक्त गरेको छैन, उसलाई पनि पिएको पैसा निकासा गर्ने सरकारी कर्मचारी कस्ता हुन् ? जसले आफ्नो सम्पत्ति विवरणमा काठमाडौंमा घर छ भनेर स्पष्ट लेखेको छ, उसैलाई घरभाडा हालिदिने कर्मचारी कस्ता हुन् ? नेता मात्रै होइनन, संरचना पनि दोषी देखिएको छ। नेता हुँदैमा सबै कानुनको ज्ञाता हुँदैनन्।

नेपालका प्रथम गणतन्त्रवादी व्यक्ति ज्ञानेन्द्र नै हुन्। जसले कुनै पनि नागरिकको हत्या नगरी आफ्नो सर्वस्व सुम्पेर हिँडे। १७ हजार मान्छे मारेर माओवादी स्थापित भए। सयौं मान्छे मारेर उपेन्द्र यादव स्थापित भए। काँग्रेस कम्युनिष्ट सबैको पृष्ठभूमि जनता मार्ने नै छ। तर पूर्वराजाले जनता मार्नुभन्दा गद्दि नै छाडिदिए। यसले उनमा नागरिक तहमा भएको प्रेम देखाउँछ। जनताले यो कुरा बुझ्दै गएका छन्।

कांग्रेस हिन्दुत्वको मुद्दामा फर्किए हित नै हुनेछ। कांग्रेसको एकमात्रै आधार क्षेत्र मधेशमा बाँकी छ। मधेशमा अधिकांश मानिस हिन्दू छन्। हिन्दूको कुरा गर्नुको अर्थ इसाईको विरोध गर्नु होइन। अरू धर्मको अपमान गर्नु पनि होइन। तर राप्रपा जस्तो पनि गर्नु हुँदैन। राप्रपाले हिन्दुत्वलाई 'ताक परे तिवारी नत्र गोतामे'का रूपमा प्रयोग गरेको हो। त्यसरी चाहिँ कांग्रेसले गर्नु हुँदैन। कांग्रेसले हिन्दुत्व बोक्यो भने त्यो पार्टी समाप्त हुने भन्ने प्रचण्डको अभिव्यक्ति विचलनको संकेत हो।

केन्द्रमा मधेशका मुद्दा भइदिएको भए क्षेत्रीय दल बन्ने नै थिएनन्। जति पनि छन् आफूलाई मधेशवादी भन्नेहरू छन्, उनीहरू मधेशको नेतृत्व गर्दैनन, प्रतिनिधित्व मात्रै गर्छन्। उनीहरू अवसरवादी राजनीतिक बिचौलिया मात्रै हुन्। त्यसैले उनीहरूबाट न मधेशको न त देशको कसैको हित हुन्छ।

# फोरम सरकारमा रहेसम्म एकता सम्भव छैन



**सीपी सिंह**
**महासचिव तथा सचिवालय सदस्य**
**राष्ट्रिय जनता पार्टी नेपाल**

यदि संविधान संशोधन भएन भने फोरम पनि सरकारबाट बाहिर आउनुपर्छ। फिर्ता भएपछि त एकीकरण हुनसक्छ। जब एकीकरणको कुरा आयो भने फिर्ता हुनैपर्ने हुन्छ। जब फोरम सरकारबाट बाहिर आउँदैन तबसम्म एकीकरणको प्रक्रिया अगाडि बढ्दैन। तर, यी सबै कुराहरू अहिले अनौपचारिक भइरहेको छ।

**० राजपाभित्र जहिले पनि विवादै विवाद किन देखिएको हुन्छ ?**
– जीवन्त पार्टीमा छलफल हुनुलाई विवाद मानिँदैन। राजपामा ६ जना अध्यक्ष छन्, सामूहिक निर्णय गर्नुपर्ने हुन्छ। त्यसैले सतहमा विवाद देखिए पनि वास्तवमा यो चाहीँ विवाद होइन। यसलाई विवाद भन्नुभन्दा पनि यो छलफल हो। छलफलका विषयहरूलाई मिडियाले विवादको रूपमा प्रस्तुत गर्ने गर्दै आएको छ।

**० भनेपछि मिडियाले छलफलाई विवाद बनाइदिन्छ ?**
– मिडियालाई त दोष दिन चाहन्न तर प्रकाशन/प्रसारण गर्ने शैली विवादकै रूपमा हुन्छ। मत मतान्तर हुन्छन्, त्यसलाई विवाद भनेर आउँछन्। त्यसैले, राजपामा कुनै पनि विवाद छैन।

**० तर, पार्टीकै शीर्ष नेताहरू मिडियामा विवादित कुराहरू ल्याउँछन् नि ?**
– त्यो कुनै व्यक्तिको व्यक्तिगत विचार आउन सक्छ। त्यसको आधिकारिकता त संयोजक वा प्रेस विज्ञप्ति वा प्रवक्तामार्फत् आउँछ नि।

**० संयोजक परिवर्तनप्रति असन्तुष्टि अहिले पनि यथावतै छ नि ?**
– अहिले असन्तुष्टि छैन। संयोजक परिवर्तनप्रति अध्यक्षमण्डलका एक जना सदस्यको मतान्तर थियो। विधानअनुसार नै चक्रीय प्रणालीबाट संयोजक परिवर्तन गरिएको हो। यसमा बहुमत र अल्पमतको कुरा आउँदैन।

**० तर, अध्यक्षमण्डलका सदस्यहरूको सर्वसहमतिबाट चक्रीय प्रणालीअनुसार संयोजक परिवर्तन गर्ने भनिएको छ नि ?**
– चक्रीय प्रणाली पनि छ र सहमतीय पनि छ। सबैको सहमतिमा हुनुपर्ने हो। चक्रीय प्रणालीलाई निर्णय गर्दा सहमतिमा हुनुपर्छ। तर निर्णय गर्नुपर्ने आवश्यक छैन। विधानमा दुई-दुई महिनामा परिवर्तन गर्ने भन्ने कुरा छ। पूर्वसंयोजक महन्थ ठाकुरज्यूलाई नै निरन्तरता दिइएको थियो। उहाँको अस्वस्थताका कारणले महाधिवेशनका धेरै कामहरू अगाडि नबढिरहेको अवस्थामा संयोजक परिवर्तन गरिएको हो। बैठकमा अनिल झाज्यू पनि उपस्थित भइरहनुभएको छ। त्यसैले कुनै निर्णय गर्दा विमति हुनसक्छ तर सहमतीय प्रणालीमै गइरहेको छ।

**० अध्यक्षमण्डलको बैठकमा अनिल झा किन अनुपस्थित हुनुभयो त ?**
– अध्यक्षमण्डलको बैठकबाट भएका निर्णयहरूमा उहाँको सहमति नै रहेको छ। जिल्लामा पर्यवेक्षकहरू तोकिएका छन्, त्यसमा उहाँले पनि आफ्ना तर्फबाट नामहरू दिनुभएको छ। उहाँको सहमतिअनुसार कामहरू अगाडि बढिरहेको छ। त्यसैले व्यवहारमा त विमति देखिएको छैन।

**० तर, बैठकमा किन जानुभएन ?**
– त्यो उहाँको व्यक्तिगत कुरो हो, हामीलाई थाहा हुन सकेन।

**० प्रदेश २ मा पनि राजपाभित्र विवादका विभिन्न कुरा आउँदैछ, के हो त्यो ?**
– त्यस्तो खासै विवाद छैन। कसैको विमति होला। ६ वटा पार्टी जसरी एक भयो तर *ती सबै पार्टीका नेताहरूको मन मिलिसकेको छैन।* अहिले पनि पार्टीमा ६ वटा गुटजस्तै देखिन्छ। तर, महाधिवेशनसम्म यस्तो चलिरहन्छ। महाधिवेशनपश्चात् मात्र एउटा सिङ्गो पार्टीको रूप लिन्छ। त्यसैले मन मिलाउन हामीलाई पनि गाह्रो महसुस भइरहेको छ। तर, पार्टी नै टुक्रिने गरी विवाद छैन। जो मान्छे अनुशासनहीन काम गरेका छन्, तिनीहरूलाई कारबाही हुन्छ। धनुषामा अध्यक्षमण्डलका सदस्य परिवर्तन गर्दा केन्द्रीय संयोजक राजेन्द्र महतोको पुतला जलाइयो। त्यस्तालाई अनुशासनहीनताको कारबाही हुन्छ। हिजोसम्म पार्टी त्यति सक्रियरूपमा चलिरहेको थिएन, अहिले द्रूतगतिमा कामकारबाही अगाडि बढाइरहेको छ।

**० धनुषा जिल्लामा अध्यक्षमण्डलका सदस्यबाट एउटालाई हटाएर अर्को ल्याउनुपर्ने कारण के ?**
– जुन व्यक्तिलाई अध्यक्षमण्डलको सदस्यबाट हटाइयो उहाँ सक्रिय हुनुहुन्थेन। अधिवेशन गर्नुपर्नेछ। उहाँ बैठकहरूमा नआउने लगायतका कारणले उहाँलाई हटाएर एउटा सक्रिया युवा नेतालाई नियुक्त गरिएको हो। यो निर्णयलाई विरोध गरेर जो जसले संयोजकको पुतला जलाए उनीहरूमाथि कारबाही हुन्छ।

**० संयोजक राजेन्द्र महतोको समय सकिन लागेको छ, अब आगामी महिनामा अर्को संयोजक आउनुहुन्छ ?**
– चक्रिय प्रणालीअनुसार दुई/दुई महिनामा संयोजक परिवर्तन हुन्छ। हामीले विधानलाई कार्यान्वयन गरेका हौं। त्यसैले स्वत: केन्द्र र जिल्लामा संयोजक परिवर्तन हुँदै जान्छ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनको प्रक्रिया अगाडि बढाउन राजपासँग एक साताको समय माग्नुभएको थियो, त्यो अवधि पनि सक्यो तर प्रक्रिया अगाडि बढेको छैन। अब राजपाको रणनीति के हुने ?**
– सात दिनको सयम त सकिएको छ तर, आगामी रणनीतिबारे अध्यक्षमण्डलको बैठकमा छलफल हुन्छ। आगामी बैठकबाट सरकारबाट समर्थन फिर्ता लिने निर्णय हुनसक्छ।

**० समर्थन फिर्ता लिएर के गर्ने ?**
– हामी समर्थन गरेपनि प्रतिपक्षकै बेन्चमा बसिरहेका छौं। तर अब पूर्णरूपेण प्रतिपक्ष हुन्छौं। लाभको पदमा हाम्रो पार्टीका कोही नेताहरू हुनुहुन्न। हाम्रा मुद्दा सम्बोधनका निम्ति यो सरकारलाई समर्थन छ। हामीसँग विकल्प थिएन। संविधान संशोधनका लागि दुई तिहाई चाहिन्छ, जो नेकपासँग मात्र सम्भव छ। नेकपाका नेताहरूले संविधान संशोधन लगायत हाम्रा मुद्दाहरू सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो। त्यसैले तत्कालीन अवस्थामा समर्थन गरिएको थियो।

**० तपाइँहरूको समर्थन फिर्ताले यो सरकारलाई के फरक पार्ला र रू**
– दुई तिहाईको सरकार भएपनि धेरै फरक पर्छ। हाम्रो समर्थन फिर्ताले यो सरकारमाथि ठूलो नैतिक दबाब पर्छ। राजपाले समर्थन फिर्ता लिनु भनेको पूरै मधेशका जिल्लामा यसको असर पर्छ। मनोवैज्ञानिक असर पर्छ।

**० समर्थन फिर्ता लिएर आन्दोलन पनि घोषणा गर्ने कि ?**
– हामी समर्थन फिर्ता लिएर सडक र सदनबाट संघर्ष गर्ने हो। सांसद रेशमलाल चौधरीलाई रिहाई गरिएन भने, मुद्दा फिर्ता भएन भने थारू समुदायहरू पनि आक्रोशित देखिएका छन्। उनीहरू हामीलाई दबाब दिइरहेका छन्। तर हामीले अहिलेसम्म उनीहरूलाई रोकेर राखेका छौं। सडक संघर्ष गर्दा धेरै विचार गर्नुपर्छ। अहिले हाम्रो महाधिवेशन पनि आइरहेकोले र हाम्रा मुद्दाहरू पनि जीवित राख्नुपर्ने भएकोले अहिले संघर्षको विकल्प छैन।

**० भनेपछि सडक संघर्ष पनि हुन्छ ?**
– सडक संघर्षको स्वरूप कस्तो हुने त्यो अहिले नै भन्न सकिँदैन। सडक जाम गर्ने, नेपाल बन्द गर्ने लगायत हुन्छ भन्न सकिन्न तर यसका अन्य विकल्पहरू पनि छन्। सडक संघर्षकै पनि धेरै तरिकाहरू छन्।

**० प्रधानमन्त्रीसँगको भेटमा उहाँले राजपालाई प्रदेश २ को सरकारबाट हटाउने चेतावनी दिएको पनि सुनिन्छ, के छ वास्तविकता ?**
– यो विषयमा कुनै छलफल भएको छैन। यो बाहिरी हल्ला मात्र हो। हामी त कहिल्यै पनि सत्ताको लोभमा परेका छैनौं नि। प्रदेश २ मा हाम्रो साझेदारी नेकपासँग होइन, फोरमसँग हो। फोरमसँग हाम्रो साझेदारी कायमै छ। फोरम र राजपाबीच पार्टी एकीकरणका लागि त फोरमले एउटा समिति पनि बनाएको छ। तर, अहिलेसम्म कुनै आधिकारिक डकुमेन्ट आएको छैन। आधिकारिक कुरा आएपछि एकीकरणतर्फ जाने राजपाको सोच छ। केन्द्रको समर्थन फिर्ताले प्रदेश २ को सत्ता समीकरणमा कुनै फरक पर्दैन।

**० नेकपा प्रदेश २ मा जसरी सबभन्दा ठूलो दल छ, केन्द्रमा उसकै सरकारमा तपाइँहरूको सत्ता साझेदार फोरम पनि सहभागी छ नि ?**
– यस्ता कुनै कुराहरू छैन। कसैले यो पनि तर्क गर्छन् कि नेकपा र फोरमले प्रदेश २ मा पनि सरकार बनाउँछ रे। तर, त्यसमा कुनै सत्यता छैन। प्रदेश २ मा राजपा र फोरमको गठबन्धन अर्को चुनाव नहुन्जेलसम्म कायमै रहनेछ। यसमा दुवै पार्टी दृढ छ।

**० फोरम अध्यक्ष उपेन्द्र यादवले राजपाभित्र खुट्टा तानतानको अवस्थाले एकीकरणको प्रक्रिया नबढेको भन्नुभएको छ नि ?**
– यो उहाँको व्यक्तिगत धारणा हुनसक्छ। उहाँले एकताका लागि समिति गठन गर्नुभयो तर आधिकारिकरूपमा आउनुपर्‍यो नि। हामी पनि एकताका लागि सकारात्मक छौं। राजपामा खुट्टा तानातानको अवस्था छैन। ६ जना अध्यक्ष भएपछि विभिन्न किसिमका विचारहरू आउनु स्वाभाविक हो। फोरमसँग एकीकरण हुने सम्भावना प्रवल छ।

**० फोरम सरकारमा छ, तपाइँहरू समर्थन फिर्ता लिने कुरा गर्दै हुनुहुन्छ। कसरी मुद्दा मिल्छ ?**
– यदि संविधान संशोधन भएन भने फोरम पनि सरकारबाट बाहिर आउनुपर्छ। फिर्ता भएपछि त एकीकरण हुनसक्छ। जब एकीकरणको कुरा आयो भने फिर्ता हुनैपर्ने हुन्छ। जब फोरम सरकारबाट बाहिर आउँदैन तबसम्म एकीकरणको प्रक्रिया अगाडि बढ्दैन। तर, यी सबै कुराहरू अहिले अनौपचारिक भइरहेको छ। एकीकरणका लागि औपचारिक गतिविधि केही पनि सुरू भएको छैन। तर, संविधान संशोधनको प्रक्रिया अगाडि नबढिरहेको अवस्थामा फोरम पनि सरकारमा बसिरहनुको कुनै औचित्य रहँदैन। किनभने संविधान संशोधनका लागि नेकपासँग सहमति गरेर सरकारमा गएको हो। संशोधन प्रक्रिया अगाडि बढाउन सात दिनको समय पनि प्रधानमन्त्रीले माग्नु भएको हो तर प्रक्रिया सुरू भएको छैन। त्यसैले फोरम अब नैतिकताको आधारमा सरकारबाट बाहिर आउनुपर्छ।

**० प्रधानमन्त्रीले त राजपासँग सात दिनको समय माग्नुभएको थियो नि ?**
– संविधान संशोधन फोरम र राजपाका लागि छुट्टाछुट्टै मुद्दा होइन। यो नेपालको संविधान संशोधन गर्ने हो। संशोधनका मुद्दामा राजपा र फोरमको धेरै फरक मत छैन। त्यसैले, अहिलेसम्म प्रक्रिया सुरू नभएकाले फोरम सरकारमा बसिरहनुको कुनै औचित्य छैन।

**० तर, फोरमले संशोधनका लागि कुनै समयसीमा तोकेर यो सरकारमा गएको होइन नि ?**
– त्यसो हो भने फोरमसँग एकीकरण हुँदैन। जब संशोधनको प्रक्रिया सुरू गर्न सात दिनको समय मागेर केही भएन भने संशोधन हुने कुनै छाँटकाँट नै देखिँदैन। प्रधानमन्त्री आफैले सात दिनको समय माग्नुभएको थियो।

# संसदको यही सत्रमा संविधान संशोधन हुन्छ

राजपाको कुरा गर्दा उनीहरूको घडी-घडीमा निर्णयहरू परिवर्तन भइरहन्छ। राजपाको विषयमा हामी केही टीकाटिप्पणी गर्न मिल्दैन। सात दिनको समय दिइएको थियो भने त्यो त बितिसक्यो किन समर्थन फिर्ता लिएन।



**प्रदीप यादव**
**प्रतिनिधिसभा सदस्य**
**संघीय समाजवादी फोरम, नेपाल**

**० वाइडबडी प्रकरणको अहिलेसम्मको ताजा अपडेट के हो ?**
– संसद अन्तर्गतको सार्वजनिक लेखा समितिले सात सदस्यीय उपसमिति बनायो। हामी त्यसमा दिनरात काम गरेर त्यसबारे केही तथ्यहरू सार्वजनिक गरेका छौं। वाइडबडी जहाज खरिदमा चार अर्ब ३५ करोड ५६ लाख रूपैयाँको घोटाला भएको छ। त्यति मात्र होइन, त्यो आंशिकरूपमा घोटाला भएको देखिएको छ।, अझ बढ्न सक्छ। हामीले सिफारिस गरेका छौं। नैतिकताको आधारमा यसमा जो-जो मुछिएका छन्, खासगरी पर्यटनमन्त्रीले त तुरून्त राजीनामा दिनुपर्छ। महाप्रबन्धक शुगतरत्न कंशाकारलाई तुरून्तै निलम्बन गरेर कारबाही प्रक्रिया अगाडि बढाउनुपर्छ। किनकि भ्रष्टाचार गर्नका निम्ति नै कंशाकारले भूमिका खेलेका थिए।

**० उपसमितिले कारबाहीका लागि सिफारिस गरेकाहरूमाथि कारबाही हुने सम्भावना छ ?**
– एकदमै सम्भावना छ। पूर्वमन्त्री जीवन शाहीको पालामा मन्त्रिस्तरीय निर्णय गरेर बैना पठाउनुभएको छ। यस्तो कम्पनीलाई बैना पठाउनुभयो जुन कम्पनी एक डलरमा खडा गरिएको थियो। बैना पठाउनुभन्दा पहिला जाँचबुझ गर्नुपर्दथ्यो। यसमै उहाँको ठूलो गल्ती देखिएको छ। अर्को पूर्वमन्त्री जितेन्द्र देवले आफ्नो पालामा एक किस्ताको रकम आठ अर्ब पठाउनुभयो र सटही पनि भएको छ। त्यो आठ अर्ब रूपैयाँ जाँदा के हेरेर बस्नुभएको थियो मन्त्री देवले ? मन्त्रीको झण्डा मात्र फहराउने काम थियो कि जाँचबुझ पनि गर्नुपर्ने थियो। उहाँको आफ्नै सचिवले सचिवस्तरीय निर्णय गरेर आठ अर्ब रूपैयाँ पठाएको छ। मन्त्री देवलाई उपसमितिमा बोलाएर सोध्दा केही थाहै छैन भनेर भन्नुहुन्छ। यदि सचिवले गल्ती गरेका छन् भने बोलाएर लिखित स्पष्टीकरण सोध्नुपर्ने थियो, नेपाल सरकारलाई जानकारी गराउनुपर्ने थियो, अख्तियारलाई जानकारी गराउनुपर्ने थियो। त्यसकारण उहाँ पनि दोषी देखिनुभएको छ।

अहिले बहालवाला मन्त्री रवीन्द्र अधिकारीको पालामा दुई किस्ता रकम १६ अर्ब रूपैयाँ गएको छ। उहाँ भन्नुहुन्छ कि महालेखा परीक्षकलाई सोधेर दिएको हो। जबकि महालेखा परीक्षकलाई बोलाएर सोध्दा उहाँले स्पष्टरूपमा भन्नुभएको छ कि मन्त्रीज्यू झुठो बोल्नुहुन्छ। हामीसित कुनै सोधनी भएको छैन। मन्त्रीज्यू आफूखुशी के गर्नुभयो मलाई थाहा छैन। महालेखा परीक्षकले आफ्नो ५५औं प्रतिवेदन २०७४ मा स्पष्टरूपमा यो गलत प्रक्रिया भएको छ, वाइडबडी खरिद प्रक्रिया एकदम नाजायज भएको छ भनेर उल्लेख गर्नुभएको छ। यस्तो प्रतिवेदन आइसक्दा पनि मन्त्रीले १६ अर्ब निकासा दिनु नै नियतपूर्वक यस्तो अनियमितता भएको देखिएको छ। त्यसकारण नैतिकताको आधारमा मन्त्री अधिकारीले अविलम्ब राजीनामा दिनुपर्छ। राजीनामा दिएर छानबिन प्रक्रियालाई सहज गरिदिनुपर्छ। जबसम्म उहाँले राजीनामा दिनुहुन्न, छानबिन सहज हुँदैन। किनभने धम्क्याउने, थर्काउने काम हुन्छ। यदि उहाँ स्वच्छ छविको हुनुहुन्छ भने राजीनामा दिएर यो प्रक्रियालाई अगाडि बढाउन दिनुपर्छ।

**० प्रधानमन्त्रीको प्रतिबद्धता छ कि भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउने। जब कुनै बहालवाला मन्त्रीमाथि यस्तो आरोप लाग्दा प्रधानमन्त्रीको दायित्व के हुनुपर्ने हो ?**
– हामीलाई पूर्ण विश्वास छ कि मन्त्री अधिकारीले राजीनामा दिनुभएन भने प्रधानमन्त्रीले अपदस्थ गर्नुहुन्छ। त्यो अब पुस २० गतेपछि मात्रै थाहा हुन्छ। प्रधानमन्त्रीको चाहना देशमा समृद्धि हो, मधेश, पहाड, हिमाल सबैलाई एकनाश हेर्ने जुन चाहना छ, त्यसअनुरूप भ्रष्टाचारीलाई अपदस्थ गर्नुहुन्न भने उहाँ आफै भ्रष्टाचारमा मुछिनु हुन्छ।

**० तपाइँहरू जुन सहमति गरेर सरकारमा जानुभएको थियो, त्यस विषयमा के हुँदैछ ?**
– हामी संविधान संशोधन गराउनकै निम्ति सरकारमा गएका हौं। संविधान संशोधन गराएर देशको विकासको गति अगाडि बढाउने नियतले हामी सरकारमा गएका हौं। सरकारमा हामी जागिर खान, झण्डा हलाउनका लागि गएको होइनौं। हामीलाई पूर्ण विश्वास छ कि प्रधानमन्त्री ओलीले संविधान संशोधन गर्नुहुन्छ। संशोधनका लागि उहाँ आफै आत्तिनुभएको छ। व्यक्तिगतरूपमा हामी भेट्न जाँदा उहाँले संविधान संशोधन अति आवश्यक रहेको भन्नुहुन्छ। हामी संशोधन गराएर नै छाड्छौं।

**० गत हप्ता प्रधानमन्त्रीले संशोधन प्रक्रिया अगाडि बढाउन राजपासँग सात दिनको म्याद माग्नुभएको थियो, तर अहिलेसम्म केही भएको छैन नि ?**
– राजपाको कुरा गर्दा उनीहरूको घडी-घडीमा निर्णयहरू परिवर्तन भइरहन्छ। राजपाको विषयमा हामी केही टीकाटिप्पणी गर्न मिल्दैन। सात दिनको समय दिइएको थियो भने त्यो त बितिसक्यो किन समर्थन फिर्ता लिएन। त्यो राजपाको सिद्धान्तको कुरा होला। तर, फोरम नेपाल संविधान संशोधनका निम्ति नै सरकारमा गएको छ। चाँडै संविधान संशोधन हुन्छ। त्यसका लागि हामी दबाब दिन सुरू गरिसकेका छौं।

**० तपाइँहरू सरकारमा गएको चार महिनाभन्दा बढी समय भइसक्यो तर, अहिलेसम्म प्रक्रिया पनि किन सुरू भएन ?**
– प्रक्रिया अब चाँडै सुरू हुन्छ। किनभने मुलुकी ऐन बनाउन हामी व्यस्त थियौं, धेरै कानूनहरू बनाउनुपर्ने थियो। यसबीचमा हामी दबाब पनि दिइरहेका छौं।

**० तपाइँहरू संशोधन गर्न भन्नुहुन्छ, तर तपाइँहरूले के-के संशोधन गर्ने भनेर प्रष्ट्याउनुभएको छैन भन्ने आरोप छ नि ?**
– यस्ता कुरा गर्ने राजनीतिज्ञहरू माथि हाँसो उठ्छ। हाम्रा मुद्दाका बारेमा नेपालका मात्र हैन अन्तर्राष्ट्रिय जगतमा सबैलाई थाहा भइसकेको हो। कैयौंपटक हामीले लिखित र मौखिक रूपमा सरकारलाई संशोधनका मुद्दाहरू बुझाइसकेका छौं। अहिले पनि मधेशको मुद्दा के हो भनेर थाहा छैन भन्नेहरू नालायक हुन्, उनीहरू कहिल्यै पनि देशलाई भलो चाहेका छैनन। हाम्रो मुद्दा स्पष्ट छन् : समानता, समावेशी, समान अधिकार चाहियो। मुट्ठिभर खसहरूले देश चलाइरहेका छन्। तर, बहुसंख्यक जनता राज्यका अंगबाट बाहिर छन्। त्यसका लागि हामी लडाइ लडिरहेका छौं। मधेशलाई टुक्रा-टुक्रा गरियो, मधेशलाई दुई प्रदेश गर्नुपर्छ त्यसका लागि हाम्रो लडाई हो। हाम्रा मागहरू थाहा छैन भन्नेहरूले मधेशी नागरिकलाई नेपाली ठानेका छैनन्।

**० मधेशलाई अहिले ६ टुक्रामा विभाजन गरिसकेको अवस्थामा दुई प्रदेश सम्भव देख्नुहुन्छ ?**
– चाह्यो भने सम्भव छ। निश्चितरूपमा सीमांकन परिवर्तन हुनसक्छ। यदि हुँदैन भने हाम्रो संघर्ष जारी रहन्छ। हामी सीमांकन, समानता, समावेशी र सम्पूर्ण नेपालीको संविधान बनाउनका लागि लडेका हौं। त्यसैले, सीमांकन परिवर्तन गर्नैपर्छ।

**० यो कतिको सहज छ ?**
– एकदम सहज छ। किनकि मधेशीहरू आफ्नै प्रदेशमा बस्न चाहेका छन्। असहजताको वातावरण यहाँका चार/पाँच जना नेताहरूले पैदा गरिदिएका छन्।

**० अहिले सुरू भएको संघीय संसदको अधिवेशनमा संविधान संशोधन हुन्छ ?**
– यो चरणको अधिवेशनमा संविधान संशोधन हुन्छ। त्यसका लागि हामीले पूर्णरूपमा दबाब दिइरहेका छौं। अब ढिलाई गर्ने होइन, अब ढिलाई गरिए भने यो खोलाबाट सबै पानी बगेर गइहाल्छ। त्यसैले, यसैमा ठोक्नुपर्छ।

**० यो अधिवेशनमा पनि भएन भने फोरमले के गर्छ ?**
– सरकारबाट बाहिर आउनुपर्छ, संघर्षमा जानुपर्छ। सडक र सदन तताउनुपर्छ। त्यो विकल्प त हामीसँग छँदैछ। जागिर खानका लागि त हामी सरकारमा गएको होइन। त्यसकारण, यसै सत्रमा हामी संविधान संशोधन गराउनुपर्छ।

**० फोरम जसरी एकीकरणका लागि वार्ता समिति गठन गरेको छ, अहिलेसम्म कतिसम्म वार्ता भयो त ?**
– स-साना दलहरूसँग एकताका लागि कुराहरू भइरहेको छ। राजपासँग पनि हाम्रा अध्यक्ष उपेन्द्र यादवले अनौपचारिक कुरा गरिरहनुभएको छ। खासगरी हामीसँग नीति सिद्धान्त मिल्ने दलहरूसँग एकताका लागि वार्ता भइरहेको छ। फोरमलाई यो देशको सबभन्दा शक्तिशाली पार्टी बनाउने नीतिमा हामी अगाडि बढिरहेका छौं।

**० तर, राजपाले फोरम सरकारबाट आए मात्र एकीकरणको प्रक्रिया अगाडि बढ्ने शर्त राखेको छ नि ?**
– अहिले त राजपा पनि संघीय सरकारको अंग हो। सरकारलाई राजपाले पनि समर्थन गरिरहेको छ। सरकारलाई समर्थन दिएपछि सत्तापक्ष नै हो राजपा। यो बिना तुकको कुरा हो। फोरमले सरकारलाई समर्थनका साथै मन्त्रिपरिषद्मा पनि छ तर राजपा छैन। त्यसैले, संघीय सरकारमा राजपा र फोरम दुवै छ। यो कुरा बुझ्नु आवश्यक छ। उता प्रदेश २ मा पनि हामीसँग सरकारमा बसिरहने र यहाँ हाम्रै विरोध गर्ने यो त दोधारे नीति देखिएको छ।

**० प्रदेश २ मा सत्ता समीकरण परिवर्तन हुने चर्चा छ, यो के हो ?**
– यो वाहियात हल्ला मात्र होइन। यसमा कुनै सत्यता छैन। कुनै-कुनै मिडियाले आफ्नो दोकानदारी चलाउन यस्ता हल्ला फिजाएका हुन्। प्रदेशमा हाम्रो सरकार रहिरहन्छ, मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी नै रहनुहुन्छ। कसैले चाहेर पनि प्रदेश २ को अहिले सरकार परिवर्तन गर्न सक्दैन। प्रदेशमा हाम्रो पवित्र गठबन्धन हो, हामीबीच एकता छ।

**० प्रदेश २ सरकारको कामकारबाही कस्तो छ ?**
– संघीय सरकारले प्रदेश सरकारलाई पूर्णरूपमा अधिकारहरू दिनुपर्छ। आत्मनिर्णयको अधिकार दिनुपर्छ। तर, ती अधिकारहरू संघीय सरकारले खोसेर राखेको छ। प्रदेश २ सरकार सामु ठूलो चुनौती छ। तर, अहिलेसम्म प्रदेश सरकारले गरिरहेको काम सराहणीय छ। प्रदेश २ को सरकार सबै प्रदेशभन्दा राम्रो काम गरिरहेको छ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# आर्थिक र सामाजिक रूपान्तरणका लागि पर्यटन



ओमप्रकाश सर्राफ

विश्वमा पर्यटन व्यवसायको दायरा दिनप्रतिदिन फराकिलो हुँदै गइरहेको छ । मुलुकको आर्थिक विकासको मेरूदण्डको रूपमा स्थापित हुँदै गएको पर्यटन क्षेत्रप्रति चासो र चेतना पनि त्यति बढदै जानु स्वभाविक नै हो । नेपालको सन्दर्भमा अहिले सम्म 'भिजिट नेपाल' भन्नाले नेपालको हिमाली, पहाडी क्षेत्रका केही गन्तव्यलाई मात्रै व्याख्या गरिदै आएको छ र सोही अनुसार काठमाडौंले नीति र कार्यक्रम केन्द्रित गरिरहेको छ । 'भिजिट नेपाल' अभियान करिव बीस वर्षदेखि जारी रहे पनि तराई मधेशले त्यसको अनुभूति प्राप्त गर्न सकेको छैन ।

अन्य क्षेत्र झैं राज्यले तराई मधेशको पर्यटन प्रवर्द्धनको क्षेत्रमा पनि सन्तुलित निति रहेको छैन । तराई मधेशमा पर्यटनको प्रचुर सम्भावना रहेको छ । तराई मधेशको फरक मौसम, फरक हावापानीले यहाँ पर्यटकले नेपालको हिमाली पहाडी भूगोल भन्दा फरक अनुभूति गर्ने सक्छन् ।

तराई मधेशको संस्कृति, पहिरन, रीतिरिवाज, चाडपर्व, खानपानले पर्यटकहरूको नेपाल भ्रमणको यात्रा र अवधिलाई लम्ब्याउन मद्दत गर्छ ।

भारतसंग जोडिएको करिब अठार सय किलोमिटरको खुला सिमाना 'गेटवे टु नेपाल' पनि भारतीय पर्यटकलाई नेपालमा ल्याउन मद्दत गरिरहेको हुन्छ । यदि यो भारतीय पर्यटकको लागि पनि पर्यटन मैत्री वातावरण निर्माण भयो, अतिथि देवो भवःको भावनाको विकास भयो भने यसको क्रम र संख्यामा उल्लेख्य वृद्धि गर्न सकिन्छ ।

**तराई मधेसमा धार्मिक पर्यटनको गन्तव्यः**

प्रदेश नम्वर २ को बराहक्षेत्र, सप्तरीको छिन्नमस्ता भगवती, सिरहाको सलहेस, जनकपुरधामको जानकी मन्दिर, जलेश्वरनाथ मन्दिर, रौतहटको शिवनगर, बाराको गढिमाई हुँदै पर्साको गहवा माई तथा दुग्धेश्वर महादेव (भाथा बाबा) तथा नवलपुरको सिजि टेम्पललाई जोडेर धार्मिक पर्यटन सर्किट निर्माण गर्न सकियो भने यसले पर्यटनको क्षेत्रमा युगान्तकारी



टेवा पुग्न सक्छ ।साथै अन्तर प्रादेशिक सम्बन्ध पनि प्रगाढ हुँदै जान्छ ।

त्यस्तै पश्चिमी तराईमा पनि अनेकौं धार्मिक पर्यटनका सम्भावनाहरूलाई प्रवर्द्धन गर्दै जानु पर्छ र यस्ता सर्किटहरूमा जोडिनुपर्छ ।

**तराई मधेशमा प्राकृतिक र ऐतिहासिक धरोहरहरूले पनि पर्यटकहरूको आकर्षकको केन्द्र विन्दु बन्न सक्छ। झापाको ताल तलैयाहरू, राजवन्शी समुदायको रहनसहन, मोरङको सिमसार, सुनसरीको मनोरम एवं सफा वातावरणले पर्यटकलाई लोभ्याउने ग्यारेन्टी छ।**

तराई मधेशमा प्राकृतिक र ऐतिहासिक धरोहरहरूले पनि पर्यटकहरूको आकर्षकको केन्द्र विन्दु बन्न सक्छ । झापाको ताल तलैयाहरू, राजवन्शी समुदायको रहनसहन, मोरङको सिमासार, सुनसरीको मनोरम एवं सफा वातावरणले पर्यटकलाई लोभ्याउने ग्यारेन्टी छ । त्यसैगरी सप्तरीको स्व.गजेन्द्र नारायण सिंहको समाधी स्थल एवं आश्रम, सिरहाको सलहेस फुलवारी, जनकपुरधामका ऐतिहासिक एवं पुरातात्विक धरोहरहरूको महत्व, बर्दिबासको नमूना मुसहर वस्ती, सर्लाहीको नाडिमन ताल, लालबन्दीको विशेष टमाटर खेती, रौतहटको चन्द्रपुरको नमूना मुसहर वस्ती, गौरको बराहवा ताल, बाराको बारा गढी, सिम्रौनगढ तथा पर्साको पर्सा गढी एवं घडिअर्वा पोखरी, पर्सा राष्ट्रिय निकुञ्ज, चितवनको राष्ट्रिय निकुञ्ज जस्ता गन्तव्यले पर्यटकहरूलाई आकर्षित गर्न उद्दत छ ।

त्यसै गरी पश्चिम मधेशमा रूपन्देही र कपिलवस्तुमा लुम्बिनीको विराट दायरा र महत्व, बाँकेका महत्वपूर्ण मन्दिर एवं तालहरू त्यस्तै बर्दिया राष्ट्रिय निकुञ्ज, दाङ उपत्यका, कैलालीको टीकापुर पार्क लगायत तालहरू कञ्चनपुरका शुक्लाफाँट राष्ट्रिय निकुञ्ज पर्यटनका मुख्य गन्तव्यहरू हुन ।

**तराई मधेशको विशेष खानाहरूः**

दालभात, रोटि, चटनी, अचार, बगिया, पुवा, फुच्का, पान, भाजा, भाका, कलैयाको सेकुवा, बरमझियाको पेडा, कटहरियाको कटियाको मासु, रौतहट राजपुरको बदमसाही, घोडी, माछा, नेपालगन्जको बिर्यानीले पर्यटकलाई फरक स्वादको अनुभूती गराउन तयार छ ।

**तराई मधेशको महत्वपूर्ण चाडपर्वः**

छठ, दिपावली, दशैं, फागुवा, समाचकेवा, झिझियाले उक्त पर्वहरूको सिजनमा छुट्टै रौनक छाएको हुन्छ । यस्ता पर्वहरू एवं महोत्सवहरूले पर्यटकहरूलाई रमाइलो र फरक अनुभूती गराउने छ ।

पर्यटकहरू अर्को ठाउँ वा अर्को देशमा फरक-फरक अनुभूति एवम् स्वादको लागि भ्रमणमा जाने गर्दछन् । नेपाल भूगोलमा सानै भए पनि विविधतामा धनी र ठूलो छ । नेपाल भ्रमणमा आउनेहरू तराई मधेशमा पनि भ्रमण गर्न जरूरी छ । किन कि मधेश भ्रमण बिना नेपाल भ्रमण सफल र पूर्ण मान्न सकिदैन ।

आजैदेखि पर्यटकहरूको लागि अतिथि देवो भवःको भावनाको विकास गरिनु पर्छ । आर्थिक एवं समाजिक रूपान्तरणको लागि पर्यटन प्रवर्द्धनमा हातेमालो गरिनु पर्छ । यसबारे चेतन फैलाउनु पर्छ । सफाई र सुरक्षाको ग्यारेन्टी मात्रै दिन सक्यो भने तराई मधेशमा पर्यटन क्षेत्रको विकासले गति लिन सक्छ ।

# 'स्वच्छता अभियानन्तर्गत भएका कमी कमजोरी सुधार्दै जानुपर्छ'

**राकेश यादव**

रौतहट । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय मलंगवा सर्लाही रौतहटका प्रमुख अनिल केसरीले खुल्ला दिसामुक्त क्षेत्र घोषणा हुँदैमा सरसफाईका थप कार्यक्रमहरू नरोकिने बताएका छन् । आइतबार खानेपानी सरसफाई तथा डिभिजन कार्यालयका इकाई कार्यालय गौरमा जिल्ला स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति रौतहटले आयोजना गरेको सम्मान तथा समीक्षा कार्यक्रममा सम्बोधन गर्दै खुल्ला दिसामुक्त घोषणा भएको अवस्थामा सरसफाईका अन्य क्रियाकलाप तथा कार्यक्रम नरोकिने प्रस्ट गरेका छन् । रौतहट जिल्ला खुल्ला दिसामुक्त घोषणा भएपछि सामाजिक संजालमा भैरहेको आलोचनाप्रति ध्यानाकर्षण भएको बताउँदै यो पहिलो चरण भएकोले अबदेखि पूर्ण सरसफाई कार्यक्रम सञ्चालन हुने जनाए । मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत भएका कमी कमजोरीलाई पूरा गर्ने समेत उल्लेख गरे । प्रदेश सरकारको कार्यक्रम सरसफाईको क्षेत्रमा रहेको हुँदा स्वरूप मात्रै फेरिएको केसरीले जनाए ।

४२ किलो मिटर लामो गौर चन्द्रनिगाहपुर सडकखण्डमा एउटा पनि सार्वजनिक शौचालय नभएको टिप्पणीप्रति प्रमुख केसरीले शौचालय बनाउनका लागि जग्गा आवश्यक रहेको र जग्गा उपलब्ध हुन नसक्केो कारण निर्माण हुन नसकेको जिकिर गरे । नयाँ संरचनामा स्थानीय सरकारको जिम्मेवारी सरेकोले स्थानीय सरकारले जग्गा व्यवस्थापन गर्ने र खानेपानी तथा ढल व्यवस्थापन कार्यालयले सहजीकरण गर्ने बताए ।

केही महीनापछि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय खानेपानी तथा ढल व्यवस्थापन कार्यालयमा परिणत हुने उनको कथन रहेको छ । प्रमुख केसरीले स्वच्छता अभियानको कारण गौर राइस मिलको जग्गा सार्वजनिकरण गर्न मुख्यमन्त्री मो. लालबाबू राउत गद्दीले प्रतिवद्धता जनाएकोले आफुहरू गौरवान्वित भएको बताए । उनले भने खुल्ला दिसामुक्त अभियानको परिणाम नै हो ।

घरमा चर्पी बनाए पनि खुल्ला ठाउँमा दिसा गर्ने जाने गरेको देखिएकोले मानिसको सोच नै अहिलेसम्म बदल्न नसकेको देखिएको छ । सरकार, कर्मचारी, नेता, निर्वाचित जनप्रतिनिधिहरूले सोच परिवर्तनका लागि पहल गरिदिनु पर्ने धारणा राखे ।

गौर बाजारमा सार्वजनिक शौचालय बनाइए पनि त्यसको संरक्षण गर्न कठिनाई भैरहेको टिप्पणी गर्दै प्रमुख केसरीले सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने चेतनाको विकास हुँदैन तबसम्म सरसफाईको अवस्था सृजना नहुने दावी गरे। मानिसको मानसिकतामा नकारात्मक सोच नै भरिएकोले सोचमा परिणत नभएसम्म सामाजिक, आर्थिक, विकास असम्भव रहेको उनको भनाइ रहेको छ ।

कार्यक्रममा मुख्यमन्त्री स्वच्छता अभियानमा सरसफाई दूत रेवन्त झाले जति गरे पनि जनचेतना कुरो मुख्य विषय बन्ने गरेको बताएका छन् । व्यक्तिको सोच पुरानै अवस्थाको रहेको पाइएकोले काम गर्न गाह्रो रहेको बताउँदै नकारात्मक धारणले भएको कुरो दबिदै गएको टिप्पणी गरे ।

एउटा पत्रकारमाथि लक्षित गर्दै संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य समेत रहेका झाले कमी कमजोरीलाई जिल्लाको बदनाम हुने गरी समाचार लेख्नु हास्यास्पद भएको बताए । केही मात्रामा शौचालय विभिन्न कारण समस्याले बन्न नसकेको यथार्थ रहेको भएपनि पुरै जिल्लामा शौचालय नभएको भनी अफवाह फैलाउने कार्यप्रति दुःख व्यक्त गरे ।

जिल्लाका वरिष्ठ पत्रकार शैलेन्द्र गुप्ताले रौतहट जिल्ला नेपालको ६३औं तथा प्रदेशको तेस्रो स्थानमा आएकोले खुशी भएको बताउँदै सरसफाईको अभियानमा अहोरात्र खट्नेहरूलाई धन्यवाद दिए । उनले यस अभियानको क्रममा शौचालय निर्माण गर्नबाट वंचित हुन गएका दलित समुदाय, गरीब, भूमिहीन किसानको पहिचान गरी पूर्ण सरसफाईको क्रममा शौचालय बनाउनु पर्ने सुझाव दिए ।

वरिष्ठ पत्रकार विनयकुमार लाल दासले सामाजिक संजालमा भैरहेको आलोचना तथा संचारकर्मीहरूले गर्ने टिका टिप्पणीबाट राम्रो कुराको सिक लिनु पर्ने बताए । नकारात्मक लेख्दैमा विरोधी हुन सकिदैन भने । उनले आफ्नो कार्य गर्ने क्रममा कहाँनिर कमी कमजोरी भयो भन्ने समीक्षा गर्नु पर्ने धारणा राखे । नेपाल पत्रकार महासंघका अध्यक्ष रविन्द्र प्रसाद साहले डिभिजन प्रमुख अनिल प्रसाद केसरीको सक्रियताले रौतहट सरसफाईको क्षेत्रमा छलांग मारेको बताएका छन् । उनले केसरीको नेतृत्व गर्ने क्षमता बलियो रहेको बताए । गौर सरकारी संस्था महासंघका अध्यक्ष रामपुकार यादवले सबैको सहयोगबाट महाअभियान सफल भएको उल्लेख गरेका छन् ।

विगत ७ वर्ष पहिला वीरेन्द्र राजमार्गको भेडियाही, सवगढा, धमौरा लगायतका ठाउँमा बाटोभरि दिसा नै दिसा देखिने रौतहट अहिले परिवर्तन भएको छ । जुन ठाउँलाई गुहैगुहले नकारातमक आलोचना गर्ने गरेकोमा अहिले त्यो ठाउँ सफा र स्वच्छ भएका छन् ।

नाक थुनेर आउने रौतहट अहिले खुल्ला रूपमा मुख र नाक खोलेर हिड्ने भएकोले यो परिवर्तनको नमूना रहेको छ ।

सन् २०११ मा १८ प्रतिशत घरमा मात्र शौचालय भएको रौतहटमा सन २०१३ पछि शौचालय नै शौचालय देखिने रौतहट भएकोमा यसको पछाडि इंजिनियर केसरीको महत्वपूर्ण योगदान रहेका छन् ।

कार्यक्रममा सरसफाईका क्षेत्रमा दिनरात मिहिनेत गर्ने कार्यालयका सरसफाई फोकल व्यक्ति मोहमद मुस्ताक आलम, युएन हैबिटाटका दीपेन्द्र ठाकुर, सरसफाई सुपरभाइजर राजन साह, अभियान नेपालका कार्यकारी निर्देशक शत्रुघ्न सिंह, जीतेन्द्र कुशवाहा, वातावरण तथा बाल विकास परिषद्का धर्मेन्द्र पासवान, एकीकृत दिगो विकास केन्द्रका मिथलेश झा, मिशन साक्षरका शिवशंकर पासवान, आइएसडीएनका मुनीन्द्र ठाकुर लगायतका गैर सरकारी संघ सस्थाका प्रतिनिधिहरूलाई प्रशंसा पत्रबाट सम्मानित गरिएको थियो ।

## मधेश अपडेट

### राजपाभित्र खुट्टा तानातान : उपेन्द्र यादव

वीरगञ्ज । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले राजपासँग एकताको कुरा अहिलेसम्म अगाडि बढ्न नसकेको बताएका छन् । संघीय प्रेस फोरम पर्साले आइतबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा संघीय समाजवादी फोरम नेपालका अध्यक्षसमेत रहेका मन्त्री यादवले सो कुरा बताएका हुन् । उनले राजपाको समस्या भनेको छ जना अध्यक्ष भएकाले एकरूपताको निर्णय गर्न नसकिरहेको धारणा राखे । उनले खुट्टा तानातानको अवस्था रहेकाले एकताको कुरा अगाडि बढ्न नसकेको बताएका हुन् । एक फरक प्रसङ्गमा उपप्रधानमन्त्री यादवले जनकपुरप्रति विभेद् नगरी वीरगञ्जलाई विकसित शहरको रूपमा विकास गर्नुपर्नेमा जोड दिए । स्वास्थ्यमन्त्री यादवले अहिले कायम रहेको स्वास्थ्य नीति त्रृटिपूर्ण भएकाले सरकारले नयाँ स्वास्थ्यनीति ल्याउन लागेको समेत बताए । उनले प्रदेश सरकारमार्फत स्थानीय तहलाई प्रादेशिक क्षेत्रको आधारमा विकास गरी अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिँदै प्रदेश सरकार केन्द्रीय सरकारमाथि परनिर्भरता नभएर प्रदेशलाई आफैं आत्मनिर्भर बनाउनु आवश्यक रहेको बताए ।

### प्रदेश प्रमुख र प्रधानसेनापतिबीच भेटवार्ता

जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख र प्रधानसेनापति बिच सोमबार भेटवार्ता भएको छ । प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थ र प्रधानसेनापति पुर्णचन्द्र थापाबीच सोमबार बिहान भेटवार्ता भएको प्रदेश प्रमुखका प्रेस सल्लाहकार ब्रम्हानन्द ठाकुरले बताए । सो भेटमा प्रदेश नं. २ मा विकास कार्यमा हुन सक्ने सेनाको भूमिका विषयमा कुराकानी भएको छ । साथै सो भेटका क्रममा प्रधानसेनापति थापाले प्रदेश २ मा महोतरीको बर्दिबास स्थित सैनिक बिद्यालय तथा सैनिक अस्पताल सँचालन हुने जानकारी दिएका छन् । हाल बढ्दो समस्याका रूपमा रहेको युवा पलायनलाई रोक्न रोजगारीको अवसर सिर्जना गरी युवाहरूलाई सेनामा आकर्षित गर्ने योजनाहरू ल्याउने बताए । त्यस्तै, तराई मधेशका चाडपर्व तथा सांस्कृतिक रितिरिवाज जस्ता कुराहरूलाई बिभिन्न कार्यक्रमहरूका माध्ययमबाट पहाड तथा हिमालमा समेत झल्काउने बताए । साथै उनले पहाड र हिमालका सँस्कृतिहरूलाई तराई मधेशमा चित्रण गरिने समेत बताए । करिब आधा घण्टा भएको भेटवार्ताका क्रममा मोबाईल अस्पताल मार्फत स्वास्थ्य सेवा सँचालन गरिने प्रधानसेनापति थापाले बताए ।

### संकल्प सभाको तयारी तीव्र

रौतहट । प्रदेश २ सरकारका बेटी पढाउ, बेटी बचाऊ अभियानका लागि रौतहट जिल्लाको सदरमुकाम गौरमा विशाल महासंकल्प सभाको तयारी शुरू भएको छ । पौष २० गतेका दिन हुन लागेको विशाल संकल्प सभाको आयोजना गौर नगरपालिका, राजदेवी नगरपालिका र यमुनामाई गाउँपालिका संयुक्त रूपमा गर्न लागेको हो । बेटी पढाउ, बेटी बचाऊ अभियानको सफलताका लागि महासंकल्प सभाको आयोजना गर्न लागिएको गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले बताएका छन् । बालिकाहरूको शिक्षा, भ्रुण हत्या, महिलाप्रति हुने विभिन्न खालका हिंसाको न्यूनीकरण गर्ने उद्देश्यले प्रदेश सरकारले यस्तो अभियानको सञ्चालन गरेको हो । अभियानका ब्रांड एम्बेस्डर नायिका रेखा थापा सहभागी हुने कार्यक्रम रहेको प्रमुख गुप्ताले जनाएका छन् ।

### संयुक्त टोलीद्वारा सीमा निगरानी

कपिलवस्तु । सीमा क्षेत्रमा सुरक्षा कायम गर्न नेपाल र भारतका सीमा सुरक्षा बलले संयुक्तरूपमा निगरानी गरिरहेको छ । कपिलवस्तुको कृष्णनगर सीमा क्षेत्रमा रहेको मित्र राष्ट्र भारतको सिद्धार्थनगर जिल्लाको बढनी बजारदेखी पूर्व र पश्चिम सीमा क्षेत्रहरू खुल्ला सिमाना भएकाले कृष्णनगर सीमा सुरक्षा बल र बढनी सीमा सुरक्षा बल दुबै एकअर्काको सहयोगले अवैध गतिविधिहरूलाई रोक्न सफल भइरहेका छन् । आइतबार संयुक्त पार्टी जसमा सशस्त्र सीमा बल निरिक्षक हरा रामसहित ६ जवान, उत्तर प्रदेश मुख्य आरक्षी देवेन्द्र यादव व आरक्षी मृत्युजंय कुशवाह, नेपाल सशस्त्र प्रहरी निरीक्षक जोगेन्द्र केसी लगायत ६ जवान र नेपाल पुलिसका ईलाका प्रहरी कार्यालय कृष्णनगर निरीक्षक सूर्य बहादुर बोगटी, उपनिरीक्षक सन्तोष शाहलगायत ८ जवान नेपाल र भारतका जम्मा २६ जना सुरक्षाकर्मीहरूले पिलर संख्या ५६७ देखि ५६९ सम्म सीमा क्षेत्रमा एकै साथ पेट्रोलिंग गरेका थिए ।

### १ र २ गते सार्वजनिक बिदा

रूपन्देही । प्रदेश नं. ५ को मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले विभिन्न निर्णयहरू गरेको छ । मन्त्रिपरिषद् बैठकले प्रदेशअन्तर्गत रहेको लुम्बिनी अञ्चल अस्पतालहरूको नामाकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रदेशसभामा पेश गर्न सैद्धान्तिक सहमति दिएको छ । सो प्रस्ताव पारित भएपछि बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालको नाम प्रादेशिक लुम्बिनी अस्पताल बुटवल, लुम्बिनी अञ्चल आयुर्वेद अस्पतालको नाम प्रादेशिक लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवल रहने भएको छ । त्यस्तै माघे संक्रान्तिको अवसरमा दुई दिन सार्वजनिक विदा दिने भएको छ । मंगलबार बसेको प्रदेश ५ को मन्त्रिपरिषद् बैठकले माघे संक्रान्तिकाको अवसरमा माघ १ र २ गते प्रदेशमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो । प्रदेश ५ मगर र थारू जातिको बाहुल्यता रहेकोले प्रदेश सरकारले माघे संक्रान्तिका अवसरमा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता भौतिक पूर्वाधार विकासमन्त्री बैजनाथ चौधरीले जानकारी दिए ।माघीकै अवसरमा पुस ३० गते आन्तरिक मामिला तथा कानुन मन्त्रालयले शुभकामना आदान-प्रदान तथा जलपान कार्यक्रम समेत आयोजना गर्ने भएको छ ।

### नेपाल-भारत सीमामा स्तम्भ निर्माण

कैलाली । कैलालीसित जोडिएको नेपाल-भारत सीमामा हराएका २७ सीमा स्तम्भ निर्माण गरिएको छ । नेपाल-भारत सीमा सर्वेक्षण टोली नं ४ का प्रमुख नापी अधिकृत जनकराज भट्टले सीमा क्षेत्रमा मुख्य र सहायक गरी १३३ सीमा स्तम्भ हराएकामा २७ स्तम्भ निर्माण पूरा भएको जानकारी दिए । दुवै देशको संयुक्त सीमा सर्वे टोलीले नयाँ स्तम्भ निर्माणका साथै ९८ स्तम्भको समेत मर्मत सम्पन्न गरेको हो । कैलालीसित जोडिएको नेपाल-भारत सीमा क्षेत्रमा मुख्य ५३ र सहायक २२९ सीमा स्तम्भ छन् । दुवै देशको संयुक्त सर्वे नापी टोलीले गत वर्ष नै सीमाको सर्वेक्षण गर्नुभन्दा पहिले गरिने रेकी कार्य (पुर्वेक्षण) सम्पन्न गरिसकेको थियो । कैलालीको कालाकुण्ड क्षेत्रमा नेपालको केही भूभाग भारतीय पक्षबाट उपयोग हुँदै आएकोमा सो क्षेत्रमा दुवै देशको संयुक्त सीमा सर्वे टोलीले सीमा स्तम्भ निर्माण गरेपछि हाल करीब १६ विघा जग्गा नेपाली भूमिमा कायम हुन आएको छ ।

### विपि चिन्तन नै मुलुकको समृद्धि : खाण

मणि प्रसाद गैह्रे, कपिलवस्तु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री बालकृष्ण खाणले वि.पिको चिन्तन गरे मात्र नेपाली समाजमा विकास र समृद्धी हुने बताएका छन् । नेपाली कांग्रेस कपिलवस्तुले तौलिहवामा आयोजित ४३औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवसमा खाणले यस्तो धारणा व्यक्त गरेका हुन् । बामपन्थी नेताले समेत आज वि .पि.को सिद्धान्त समाजवाद अँगालेको हुंदा यो सर्वमान्य सिद्धान्त भएकोसमेत उनले बताए । नेपालमा जन्मिएका वि.पि. कोइराला र गौतम वुद्धका सन्देश उपदेश नेपालको विकास कार्यशैली र सामान्य नागरिकको हकहित र आचरणसँग सम्बन्धित भएको हुँदा इतिहास र वर्तमान र भविष्यमा उक्त विचारहरू अमर रहने बताए ।

### मैत्री बस सेवा सञ्चालन

काठमाडौं । प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले नेपालगञ्ज दिल्ली मैत्री बस सेवाले दुई देशबीचको सम्बन्ध कसिलो बनाउने बताएका छन् । नेपालगञ्जमा नेपालगञ्ज-दिल्ली मैत्री बस सेवाको उद्घाटन गर्दै उनले यातायातका साधनबाट सीधा सम्पर्क जोडिएसँगै नेपाल भारतबीच रहेको आर्थिक, सामाजिक र धार्मिक सम्बन्ध अझ कसिलो बन्ने विश्वास व्यक्त गरे । मुख्यमन्त्री पोखरेलले नेपालगञ्ज दिल्ली बस सेवा सुविधाजनक र भरपर्दो हुन सके मानसरोवर र पश्चिम नेपालका अन्य पर्यटकीयस्थल घुम्न आउने भारतीय पर्यटकहरू हवाई यात्रा गरेर दिल्लीदेखि काठमाण्डौ र त्यसपछि नेपालगञ्ज आउने बाध्यता हट्ने बताए । नेपालगञ्जबाट भारतको राजधानी दिल्लीका लागि बस सेवा सञ्चालन गर्न नेपाल सरकार र भारतको उत्तर प्रदेश यातायात परिवहन निगमबाट भेरी यातायात प्रालि सूचिकृत भएको छ ।

# लुम्बिनी एक्सपोमा १० लाखद्वारा अवलोकन

**चन्द्रकान्त खनाल**

रूपन्देही । रूपन्देही व्यापार संघको आयोजनामा 'स्वरोजगार आत्मनिर्भरता हाम्रो आधार, शहरदेखि गाउसम्म व्यापार विस्तार' भन्ने मूल नाराका साथ पुष ५ गतेदेखि सञ्चालित लुम्बिनी एक्स्पो-२०७५, अन्तराष्ट्रिय व्यापार मेला बुधवार समापन भएको छ । मेला आयोजना स्थल बुटवल मण्डपमा एक विशेष कार्यक्रमको आयोजना गरी एक्स्पोको समापन गरिएको थियो ।



यस पटकको एक्सपोमा सहभागीहरूलाई प्रकृति र विशेषतालाई आधार बनाएर १२ वटा पेभेलियन निमार्ण गरी सहभागी गराइएको थियो । जस अन्तरगत आईटीमा ५८, स्वदेशी उत्पादनमा ५८, अन्तराष्ट्रियमा ३४, दैनिक उपभोग्यमा १०५, विविधमा ६५, फुटवयरमा ४४, गार्भेन्टमा १४६, अटोमा २०, होटेलमा २४ स्टलहरू सहभागिता रहेको थियो ।

एक्सपोमा सहभागी स्टल र उद्योगहरूको मूल्याङ्कन गरी पुरस्कृत गर्ने निर्णयानुसार मुल्याङकन समितिको सिफारिसमा उत्कृष्ठ घोषणा गरि पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

एक्स्पो सम्पन्न गर्नका लागि संघका अध्यक्ष पदम प्रसाद श्रेष्ठको संयोजकत्वमा १०१ सदस्यीय मुल समिति र ४२ वटा विभिन्न प्रकृतिका उपसमितिहरू गठन गरी काम गरिएको थियो । प्रदर्शनीमा करिव १० लाख दर्शकले अवलोकन गरेको र करिव ४० करोडको आर्थिक कारोवार भएको अनुमान गरिएको मेला मुल आयोजक समितिका सहसंयोजक यमलाल लोहनीले जानकारी दिए ।

मेलालाई आर्कषक बनाउने क्रममा मेलाको मुल गेट लुम्बिनीस्थित मायादेवीको मन्दीर झल्कने गरी बनाएको थियो भने स्थलभित्र सचिवालय नजिक ऐतिहासिक जितगढी किल्लामा नेपाली विरताको झलक र संझना हुने गरि अग्रेजसंगको लडाई प्रस्तुत गर्दै पार्क निमार्ण गरेका थियो । जुन सबैको आर्कषकको केन्द्र बन्न पुग्यो ।

समापन समारोहमा प्रदर्शनीमा सहभागी स्टल र उद्योगहरूको मूल्याङ्कन गरी पुरस्कृत गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि प्रदेश नं. ५ का उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री लिला गिरी, संघ अध्यक्ष पदम प्रसाद श्रेष्ठले पुरस्कार तथा प्रमाणपत्रहरू वितरण गरे।

सहभागी सम्पूर्ण स्टलधनीहरूको तर्फबाट प्रथम एशियन कंक्रिट उद्योग, दोस्रो बुटवल स्टिल फर्निचर उद्योग प्रालि र तेस्रो जस्मिन हाईजिङ प्रोडक्स भएका छन् । कृषितर्फ पैचो पसल प्राली प्रथम, लुम्बिनी हाइड्रोपोलिक दोस्रो तथा स्पाइजर च्याउ कृषक समुह तेस्रो भएका छन् । प्रोत्साहानतर्फ प्रेममिस अल्लो पोशाक, पाल्पाली वास तथा हस्तकला, प्रान तथा बल्याकहर्स जुत्ता पुरस्कृत भएका छन् भने महिला पुरस्कार लाङ्घाली अचारले प्राप्त गरेको छ ।

समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि मन्त्री गिरीले रूपन्देही व्यापार संघले आयोजना गरेको एक्स्पोले यस क्षेत्रको आर्थिक, व्यवसायीक, कृषि, पर्यटन क्षेत्र विकासका लागि नयाँ बाटाहरू पहील्याउन प्रदेश सरकारलाई सजिलो हुने विश्वास व्यक्त गरे ।उनले मुलुकले राजनीतिक आन्दोलन सकेर आर्थिक समृद्धिको बाटो समातेको अवस्थामा आयात मुखि अर्थतन्त्रको अन्त्यगरि निर्यात मुखि अर्थतन्त्र स्थापित गर्न सरकारले नीजी क्षेत्रको सहयोग र सहभागितामा काम गर्ने धारणा राखे ।

सो अवसरमा बोल्दै प्रदर्शनी मुल आयोजक समितिका संयोजक तथा रूपन्देही व्यापार संघका अध्यक्ष पदम प्रसाद श्रेष्ठले यस मेलावाट यस क्षेत्रको विकासमा दीर्घकालिन सकारात्मक प्रभाव पर्ने कुरामा विश्वस्त हुनुका साथसाथै व्यापार व्यवसायप्रतिको आमधारणामा परिवर्तन आउने आशा व्यक्त गरे ।आर्थिक विकासको लागि प्रतिस्पर्धि वातावरण श्रृजना गर्नु मेलाको लक्ष्य थियो र यो मेलाको आयोजनालाई त्यसैमा ढाल्ने प्रयास गरेको बताउदै श्रेष्ठले त्यसमा कति सफलता हात लाग्यो त्यसको मुल्याङकन र परिणाम आगामी दिनमा देखिने विश्वास व्यक्त गरे ।

# छैठौं खिचरा महोत्सवको तयारी तीव्र

**कारी महतो**

चितवन । हरेक वर्ष माघी अर्थात खिचरा पर्वको अवसरमा थारू कल्याणकारिणी सभा चितवन क्षेत्र नं. ७ ले आयोजना गर्दै आएको खिचरा महोत्सवको छैठौं संस्करणको तयारी तीव्र रूपमा भैरहेको छ ।



यसवर्ष महोत्सव परिसरभित्र मिनिथारू गाउँ विशेष आकर्षणको रूपमा रहनेछ । खैरहनी नगरपालिकाको वडा नं. ५ मा रहेको जबकौली गौचरनमा हुन लागेको महोत्सव यसवर्ष पुस २८ देखि माघ ७ गतेसम्म हुने आयोजकले जानकारी दिएको छ ।

महोत्सव सफल बनाउनका लागि थाकस चितवन क्षेत्र नं. ७ का सभापति चुडामणि चौधरीको संयोजकत्वमा १५१ मूल आयोजक समिति तथा ३० वटा कार्यगत समिति गठन गरिएको छ ।

महोत्सव तयारीका लागि ३० वटै कार्यगत समितिले आआफ्ना जिम्माको कामहरू युद्धस्तरमा गरिरहेका सभापति चौधरीले बताए ।

यसवर्ष खिचरा महोत्सवको मुख्य आकर्षणका रूपमा मिनिथारू गाउँ परिसर बन्ने आयोजक समितिले जनाएको छ ।

अहिले थारू गाउँटोलमा परम्परागत थारू घरहरू लोप हुन लागेको अवस्थामा महोत्सव परिसरमा थारू गाउँकै झल्को दिने खालका केही घरहरूका साथै थारू समुदायका बासिन्दाले विशेष अवसरमा पुजापाठ गरिने बरमथान निर्माण गरी थारू धर्मसँस्कृति बारे जानकारी दिने उद्देश्यले मिनिथारू गाउँ परिसर बनाउन लागेको जनाइएको छ ।

उक्त परिसरमा परम्परागत थारू गाउँघरमा पाइने सम्पूर्ण वातावरण रहनेछ ।

चिचर र घोंघी लगायतका थारू खानाका परिकारहरूका लागि प्रचलित बन्दै गैरहेको खिचरा महोत्सवमा यसै वर्षदेखि चेपाङ, दराई लगायत अन्य आदिवासी तथा जनजातिहरूका परम्परागत खानाका परिकारहरूका स्टल पनि रहने आयोजकले जनाएका छन् ।

थप जानकारी गराउनका लागि पुस २१ गते पत्रकार सम्मेलन गर्ने समेत आयोजकले जनाएको छ । सोही दिन डिज्नी पार्क रिसोर्टमा खुला नृत्य प्रतियोगिताको अडिसन हुने नृत्य प्रतियोगिता संयोजक हरिशरण चौधरीले जानकारी गराए ।

# प्रदेश २ को प्रहरी ऐन प्रमाणीकरण

जनकपुर । प्रदेश २ का प्रमुख रत्नेश्वरलाल कायस्थले आइतबार प्रदेश प्रहरी ऐनसहित तीन ऐन प्रमाणीकरण गरेका छन् ।

कायस्थले प्रदेश प्रहरी ऐन, करारमासम्बन्धी ऐन र प्रशासकीय कार्याविधि ऐन प्रमाणीकरण गरेका हुन । कायस्थले प्रदेश प्रहरी ऐन, २०७५ नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गरिएको हो । १४ परिच्छेद, १०२ वटा दफा र २ वटा अनुसूची रहेको प्रदेश प्रहरी ऐनमा प्रदेश प्रहरीको कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानुनले निर्धारण गरेबमोजिम हुने व्यवस्था ऐनको दफा ९९ मा उल्लेख छ ।




*प्रहरी ऐन प्रमाणीकरण गर्दै प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थ ।*

प्रदेश सभामा विपक्षी नेकपाको विरोध बाबजुद सरकारले पास गरेको प्रदेश प्रहरी ऐन कायस्थबाट प्रमाणिकरण भएको हो । प्रदेश प्रमुख कायस्थले प्रदेश लोकसेवा गठन नभएसम्म प्रदेश लोकसेवा आयोगले गर्ने भनी तोकेका काम, कर्तव्य लोकसेवा आयोगले गर्ने उल्लेख छ । प्रदेश प्रहरीको संगठन संरचना र प्रहरी कर्मचारीहरूको संख्या नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले तोकेबमोजिम हुने व्यवस्था छ ।

प्रदेश प्रहरीको प्रमुखको रूपमा राजपत्राकिंत विशिष्ट श्रेणीको प्रहरी महानिरीक्षक रहने व्यवस्था छ । खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्येबाट ४५ प्रतिशत पद आरक्षित गरिएको छ । जसमा ४५ प्रतिशतलाई १०० प्रतिशत आधार मानी मधेसी ५४.३६, दलित १७.२९, मुस्लिम ११.५८, आदिवासी जनजाति ६.६१, थारू ५.२७ प्रतिशत र आर्थिक रूपले विपन्न खस आर्य ४.८९ प्रतिशत छुट्याइएको छ ।

यसको प्रत्येक समूहमा ५० प्रतिशत महिलाका लागि आरक्षित गरिएको प्रदेश प्रमुख कार्यालयका कानुन अधिकृत प्रकाश चापागाईंले बताएका छन् ।

## जनकपुर र बुटवलबाट श्रम स्वीकृति

काठमाडौं । सरकारले वैदेशिक रोजगारीमा जानेहरूका लागि आवश्यक पर्ने श्रम स्वीकृति प्रदेशबाटै दिन सुरू गरेको छ । वैदेशिक रोजगारीसँग सम्बन्धित सेवालाई सरल र सहज बनाउन सरकारले प्रदेश २ को जनकपुर र प्रदेश ५ को बुटवलबाट श्रम स्वीकृति दिन थालेको हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पहिलो चरणमा प्रदेश २ को श्रम तथा रोजगार कार्यालय जनकपुर र प्रदेश ५ को बुटवलबाट श्रम स्वीकृतिलगायत वैदेशिक रोजगारसँग सम्बन्धित सेवा उपलब्ध गराउन सुरू गरिए पनि विस्तारै अन्य प्रदेशबाट पनि सुरू गरिने जनाएको छ । प्रदेशबाटै श्रम स्वीकृतिलगायत कामका हुने भएपछि अब श्रम स्वीकृतिकै लागि काठमाडौं आउनै पर्ने धन्झट पनि हटेको छ । जनकपुर र बुटवलबाट सञ्चालनमा आएका श्रम तथा रोजगार कार्यालयबाट श्रम स्वीकृति प्रदान गर्ने, वैदेशिक रोजगारीसम्बन्धी इजाजत पाएका संस्था र तालिम एवं अभिमुखीकरण संस्थाको अनुगमन तथा नियमन लगायतका काम गर्न सकिनेछ ।

## संक्षिप्त समाचार

### मोनाष्टिकको ३३औं वार्षिकोत्सव मनाइयो

जनकपुरधाम । देशको भविष्यका निर्माताहरू जन्मिने उद्गम स्थल बिद्यालय नै हुन्छ प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले बताएका छन् । शनिबार जनकपुरधाममा आयोजित मोनास्टिक आवासिय विद्यालयको ३३ औं बार्षिकोत्सवको अवसरमा उनले सो कुरा बताएका हुन् । बार्षिकोत्सव समारोहलाई उद्धघाटन गर्दै उनले प्राचिन समयमा मिथिला क्षेत्र ऋषिमुनिको तपोभुमि भएकोले पनि यस क्षेत्रका बालबालिकाहरूको शिक्षा दिक्षा सोही अनुसारको हुनुपर्ने बताए । यस कार्यमा मोनास्टिक स्कुलले ३३ बर्षदेखि बालबालिकामा ज्ञानको दिव्य ज्योति छर्दै देशका भावी तेजस्वी बिद्यार्थी उत्पादन गर्दै आईरहेकोमा खुलेर प्रशँसा गर्दै बिद्यालय परिवारलाई बधाई तथा धन्यवाद दिए । साथै उनले आगामी दिनहरूमा बिद्यालयले कुशल तथा शिक्षित बिद्यार्थीहरू उत्पादन गरी देश बिदेशमा ख्याती प्राप्त गरून भनी शुभकामना समेत दिए ।

### शुद्ध पानी पिउने सपना पूरा हुने

मोरङ । गाउँ स्थापना भएको आधा शताब्दीपछि कानेपोखरीवासीले शुद्ध पानी पिउन पाउने भएका छन् । प्रदेश सरकारले एक करोड रूपियाँ सङ्घीय सरकारले ४२ लाख रूपियाँ बजेट विनियोजन गरेपछि कानेपोखरीवासीको शुद्ध पानी पिउने सपना पूरा हुन लागेको हो । सोमबार मोरङ ३ (क)का प्रदेश सभा सदस्य सूर्यमारमज राईले खानेपानी आयोजनाको शिलान्यास गरे । खानेपानी शिलान्यास गर्दै प्रदेशसभा सदस्य राईले विकासका दलीय दृष्टिले हेर्दा हाम्रो आयोजना समयमा सम्पन्न हुन नसकेको बताए ।

### सप्तरीमा ११ दिने शिविर हुने

राजविराज । सप्तरीमा ११ दिने बृहत् निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिने भएको छ । स्वास्थ्य मन्त्रालय र नेपाली सेनाको संयुक्त आयोजनामा फागुन १ गतेदेखि निःशुल्क शिविर हुन लागेको हो । शिविरमा नेपाली सेना र मन्त्रालयका चिकित्सकले सबै किसिमको रोगको जाँच, उपचार र शल्यक्रिया समेत गरिनेछ । सप्तरीसहित आसपासका जिल्लाका जनतालाई लक्षित गरी स्वास्थ्य शिविरको आयोजना गरिन लागिएको हो ।

### हजारौं कार्यकर्ता कांग्रेसमा प्रवेश

सिराहा । सिराहमा फोरम र नेपाल कम्युनिष्ट पार्टी परित्याग गारी करिब १ हजार नेता तथा कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। ४३ औं एकता र मेलमिलाप दिवसको अवसरमा सिरहा कांग्रेसले आयोजना गरेको कार्यक्रममा नव प्रवेशीहरूलाई उपसभापति विमलेन्द्र निधिले स्वगत गरे । निधिले फोरम र नेकपा परित्याग गरेका करिब एक हजार नेता तथा कार्यकर्तालाई टीका र माला लगाएर कांग्रेसमा प्रवेश गराएका थिए ।

### हिन्दू परिषद्द्वारा श्रद्धाञ्जली

वीरगंज । हिन्दूवादी अगुवा फुलगेन सिहको १२ दिनको पुण्यतिथिको अवसरमा हिन्दू परिषद् नेपाल पर्साद्वारा श्रद्धाञ्जली सभा गरेको छ। गहवामाई पार्कमा सम्पन्न श्रद्धाञ्जली सभामा हिन्दू परिषद् नेपालका राष्ट्रिय अध्यक्ष सन्तोष पटेल, उपाध्यक्ष विजय गुप्ता, केन्द्रीय सदस्यहरू श्रीराम उपाध्याय, संजय सर्राफ, लालबाबू प्रसाद कुर्मी, सुकदेव साह कानू, प्रदेश न.२ का अध्यक्ष पंडित सचितानंद दुबे, वरिष्ठ उपाध्यक्ष भरत सरार्फ, उपाध्यक्ष नन्दू यादव लगायतको उपस्थिति थियो ।

### जानकी गाउँपालिकाको केन्द्र मानपुरमा

बाँके । बाँकेको जानकी गाउँपालिकाको केन्द्र मानपुरमा तोकिएको छ । बुधबार बसेको चौथो गाउँसभामा वडा नं ३ स्थित मानपुरमा गाउँपालिका केन्द्र तोक्ने प्रस्ताव सर्वसम्मत पारित भएको गाउँपालिकाका अध्यक्ष रामनिवास यादवले बताए । हाल वडा नं ४ खजुराखुर्द स्वास्थ्य चौकीको प्रसूति केन्द्रको भवनबाट गाउँपालिकाको कार्यालय सञ्चालन हुँदै आएको छ । मानपुरमा रहेको १३ कट्ठा जमीनमा गाउँकार्यपालिकाको भवन निर्माण गरिने उनले जानकारी गराए । भौगोलिक हिसाबले छ वटै वडाको पायक पर्ने भएकाले सबै जनप्रतिनिधि सर्वसम्मत भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकबहादुर सुनारले बताए ।

### सीमा विवाद समाधान खोज्न निर्देशन

धनगढी । कैलाली जिल्लाका कतिपय स्थानीय तहबीच देखिएको सिमाना विवादको समाधानका लागि सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टको पहलमा छलफल गरिएको छ। विवाद देखिएका स्थानीय तहका प्रमुख र जनप्रतिनिधिको सहभागिता रहेको छलफलमा उनले आपसी समन्वय एवं समझदारी बनाएर देखिएका सीमा विवाद समाधान खोज्न निर्देशन दिए । छलफलमा आगामी दिनमा आ-आफ्नो स्थानीय तहको सिमाना यकिन गर्न सम्बन्धित विज्ञको सहयोगमा नापनक्सा भिडाएर अगाडि बढ्ने समझदारी भएको छलफलमा सहभागी गोदावरी नगरपालिकाका प्रमुख हरिसिंह साउदले बताए ।

### आगलागीबाट साढे तीन लाखको क्षति

कपिलवस्तु कृष्णनगर नगरपालिका-७ बिसनपुर बस्ने तिजेप्रसाद यादबको गोठमा मंगलबार बिहान आगलागी हुँदा ३ वटा चौपाय र १ थान घाँस काट्ने मेसिन जलेर करिब ३ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### सोलार मिनी ग्रिडबाट बत्ती

विराटनगर । विद्युत् विस्तार हुन नसकेको मोरङको जहदा गाउँपालिकाका वडा नं. २ र ७ मा रहेको सन्थाल बस्तीका लागि सोलार मिनी ग्रिडबाट उज्यालो पुऱ्याइएको छ । अति विपन्न र सीमान्तकृत सन्थाल समुदायको बसोबास रहेको वीरपुर र सिर्सिया गाउँका ७५ घरमा सोलार बत्ती जडान गरिएको हो । राष्ट्रिय प्रसारण लाइन विस्तार हुन नसकेको र हुँदासमेत मासिक बिल भुक्तानी गर्न नसक्ने मासिक बिल भुक्तनी गर्न गर्न नसक्ने नागरिकका घरमा गाउँपालिका र नवीकरणीय ऊर्जा कार्यक्रम मार्फत सोलार बत्ती उपलब्ध गराइएको छ ।

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू**

० घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,

० निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिबाना हुने,

० आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाईँ वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हरेक क्षेत्रको सफलताको प्रमुख स्रोत युवा हो



## दिलिपचन साहु
### अध्यक्ष, नेपाल वैश्य युवा संघ

**० नेपाल वैश्य युवा संघ भनेको के हो ?**

– वैश्य समाजभित्र रहेका युवालाई नेतृत्व र व्यतित्व विकास गर्नका लागि र उद्यमशीलता विकासका तालिमहरू प्रदान गरि सम्पूर्ण देशको नेतृत्व गर्नसक्ने युवाशक्ति उत्पादन गर्ने प्रमुख उद्देश्यका साथ २०६५ सालमा सुनसरीबाट स्थापना भएको वैश्य समाजमा रहेका पिछडा जातिका छात्राहरूको समूह नै नेपाल वैश्य संघ हो । यसरी सुनसरीबाट स्थापना भएको नेपाल वैश्य संघ हाल मधेशका सबै जिल्ला र पहाडका केही जिल्लाहरूमा संगठित रहेको छ । हामी समाजका विभिन्न क्रियाकलापमा प्रत्यक्ष सहभागी हुने गरेका छौं । जस्तो प्राकृतिक आपत विपत तथा समाजका विभिन्न समस्यामा आर्थिक रूपमा पनि सहयोग गर्छौं ।

**० वैश्य समाजको सामाजिक, आर्थिक र राजनीतिक अवस्था कस्तो छ ?**

– वैश्य समाज प्रमुख रूपमा व्यापार व्यावसायमा केन्द्रीत रहेका छन् । व्यापार व्यवसायमा नै बढी केन्द्रित रहेको समाज मधेश आन्दोलनभन्दा पहिले संख्यात्मक रूपमा भन्दा पनि राजनीतिक क्षेत्रमा त्यक्ति सक्रिय थिएन तर आजका दिनहरूमा भने राजनीतिले यो समाजमा पनि फड्को मारेको छ । वैश्य समाजकै ४० जना मेयर, ३५ वटा उपमेयरहरू र ३५० जना वडा अध्यक्षलाई हामीले सम्मान गर्यौ । अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम गरेका थियौं जसमा हाम्रै समुदायका ३० वटा सांसदलाई सम्मान पनि गरेका थियौं । जसले गर्दा आजको समयमा वैश्य समाजको राजनीति प्रतिको उपस्थिति राम्रो नै रहेको छ ।

**० व्यापार व्यावसायमा के कस्ता चुनौतिहरू छन् ? र सरकारको सुरक्षा सम्बन्धि दृष्टिकोण कस्तो रहेको छ ?**

– व्यापारीक क्षेत्रमा केन्द्रीत रहेको आर्थिकरूपमा सम्पन्न यो समाजमा समय समयमा विभिन्न धाक धम्किहरू जस्ता समस्याहरू आउँछन् । यहाँका व्यापारीहरूले जुन किसिमले शिर ठाडो पारेर निडर रूपमा कामहरू गर्न पाउनुपर्ने हो त्यो छैन यो यस अर्थमा कि सरकारबाट जति संरक्षण पाउनु पर्ने हो त्यो पाईरहेको छैन ।

**० संघका एजेन्डाहरू के के छन् ?**

– हाम्रो प्रमुख एजेन्डा भनेको वैश्य कलस्टर स्थापित गर्नु हो । नेपालमा जसरी यादव, महिला, दलित, थारू कलस्टर रहेका छन् । सिंहदरबारबाट भ्रमात्मकरूपमा मधेशमा थारू मुस्लिम यादव मात्र छन् भन्ने दृष्टिकोण रहेको छ यसलाई हामी गलत सावित गर्दै यहाँ अरू कलस्टरका मानिसहरू पनि बसोबास गर्छन् भन्ने सत्यता देखाउन चाहान्छौँ । यो तीस लाख जनसंख्या भएको वैश्य समाजलाई पनि राष्ट्रमा सुचिकृत गर्न चाहन्छौं । हाम्रो वैश्य समाजलाई विभिन्न जातमा अलग्याएर नाम दिइन्छ भने त्यो हामी माथिको षड्यन्त्र हो । जसरी क्षेत्री, ब्राहमण भित्र विभिन्न जातजातिहरू मिलेर बनेको छ यो वैश्य समाज पनि भिन्न जातको एकमुस्ठता हो । यसलाई हामी एकीकृत गर्न चाहन्छौं । र हाम्रो प्रमुख एजेन्डा वैश्य समाजको एकीकरण हो ।

**० तथ्यांक विभागले छुट्टाछुट्टै जाति देखाउँदा तपाईहरूको आपत्ति किन ?**

– सरकारले वैश्य जातिलाई छुट्टाछुट्टै राख्दा हाम्रो समग्र जनसंख्यामा कमि देखिन्छ जसले गर्दा हाम्रो अस्तित्व नै नरहने अवस्था पनि आउन सक्छ । साथै सरकारबाट पाउने सुखसुविधाहरूबाट पनि वञ्चित हुनुपर्ने हुन्छ । एकमुष्ट रूपमा हाम्रो जनसंख्या गणना गर्ने हो भने वैश्य मधेशका सम्पूर्ण कलस्टर भन्दा बढी संख्यामा रहेको छ । तर सरकारले हामीलाई कमजोर बनाउने नियत राखेको छ, यो कुनै पनि हालतमा स्वीकार्य हुँदैन । यसतर्फ विभिन्न ज्ञापनपत्र मार्फत सरकारलाई ध्यानाकर्षण गराउने तयारीमा रहेका छौं ।

**० वैश्य समुदाय पछाडि पर्नुमा को दोषी देखिन्छन् ?**

– यसमा हाम्रा समुदायका अगुवा र सरकार दुबै पक्षको कमजोरी हो । हाम्रा वैश्य समाजको नेतृत्व लिएर बस्नुभएका व्यक्तिहरूले समय समयमा जसरी सरकार समक्ष ध्यानकर्षणको कार्यक्रमहरू गर्नु पर्थ्यो त्यो पाइएको छैन र सरकार पनि आम जनताको संरक्षक भएको हिसाबले जसरी समानतापूर्वक अगाडि बढाउनुपर्ने थियो यो गरेको छैन ।

**० अबका दिनमा समाजका अगुवाप्रति तपाईको सुझाव के रहन्छ ?**

– वैश्य समाज एक महत्वपूर्ण समाज हो । यसको पनि पहिचान हुनुपर्छ । हरेक जग खोजी हुनका लागि आफु संगठित हुनुपर्छ । युवा भनेको परिर्वतनको संवाहक हो यसरी संगठित भएर युवालाई सामाजिक कार्यमा आबद्ध गराउनु र हुनु राष्ट्रकै लागि सबल पक्ष हो । तर युवाको उल्टो वायु हो युवा शक्ति जहाँ उल्टिएर जान्छ त्यहाँ तहसनहस पार्छ । हरेक क्षेत्रको सफलताको लागि युवा प्रमुख स्रोत हो । यसमा २५ सय आवद्ध युवालाई आजीवन सदस्यता दिएका छौं । आगामि पाँच वर्षमा २५००० युवालाई संगठित गर्ने प्रयास गरिरहेका छौं । हामीलाई इमान्दारिताका साथ बुद्धिजिवीको हैसीयतले हामीलाई अगाडी बढ्न प्रेरणा दिनुहोस भनेर अध्यक्षको नाताले म मेरा अगुवालाई भन्न चाहन्छु ।

**० अबका आगीम कार्यक्रमहरू के छन् ?**

– हामीले दशैं र तिहारको बीचमा मधेशका २२ जिल्लामा कार्यक्रम तय तरेका थियौं त्यसमा हामी १५ वटा जिल्लामा राम्रोसँग सम्पन्न गरेका थियौं । काठमाडौंमा पनि ५०० युवालाई आजविन सदस्यताको प्रमाणपत्र दिएका छौं । हामी काठमाडौंमा केहि बुद्धिजिबिहरूलाई केन्द्रीय सल्लाहकारका परिषद् ३५१ जनाको बनाएका थियौं आगामी पुस २१ गते केन्द्रीय सल्लाहकारलाई मनोनयन पत्र र केही बुद्धिजिवीलाई सम्मान गर्ने कार्यक्रम राखेका छौं ।

**० तपाइँ राजपा नेपालका केन्द्रीय सदस्य पनि हुनुहुन्छ, पार्टीभित्रका विवादलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– राजपा नेपाल मधेशको धरातलीय आधार भएको पार्टी हो । मधेशी जनताले विश्वास गरेको पार्टी हो । विभिन्न त्याग तपस्याका साथ छ दल गठित पार्टी अहिले भीड जस्तो देखिएको छ । भिडमा हो हल्ला देखिनु स्वाभाविक हो । यसलाई अन्यथा लिनुहुन्न र मेरो विचारमा संयोजक परिर्वतनको कुरा जति छ त्यो विधानमा स्पष्ट रूपमा नै लेखिएको छ ।

**० राजपा भित्रको यो असहमतिले गर्दा जनतामा कस्तो सन्देश जान्छ त ?**

– जनतामा नराम्रो सन्देश त गएकै हो । यसैपनि राजपामा विभिन्न किसिमका आक्रमणहरू पनि भएका छन् । विपक्षीले कुरा काट्ने जस्ता प्रवृतिहरू पनि छन् तर यसको पछि जानुभन्दा नजानु नै वेश हुन्छ किनकि राजपाले जनता प्रतिको आस्था र विस्वास पुरा गर्नै पर्ने हुन्छ । राजपा जनताको आश हो ।

**० राजपाको महाधिवेशन तोकिएकै समयमा होला त ?**

– महाधिवेशन त जसरी पनि गर्नु पर्ने हुन्छ । यदि भएन भने निर्वाचन आयोगले छोड्दैनन् । पार्टी विघटन हुने अवस्था सिर्जना हुन सक्छ । त्यसैले हामी यसलाई ठुलो रूपमा लिनु हुन्न यसलाई अझ प्रभावकारी बनाउने तर्फ लाग्नुपर्छ ।



## धोती दिवस मनाइयो

बारा । धोती पहिरन हाम्रो पहिचान, धोती पोसाक प्रदेश २ को शान नारा लगाउँदै बाराको कलैयामा मङ्गलबार धोती दिवस मनाइएको छ । मधेसको संस्कृति झल्किने धोती पहिरन लोप हुँदै गइरहेको भन्दै त्यसको संरक्षण गर्न कलैयामा धोती दिवस मनाइएको हो ।

मधेसको पिहचान, पूर्वजको स्वाभिमान तथा मधेसीको पहिरन समाजको सम्मान, २ नम्बर प्रदेशको पहिरन धोती अनिवार्य हुनुपर्ने, आजको दिन धोती अनिवार्य हुनुपर्ने, आजको दिन धोती दिवस, यो प्रदेशमा लागू हुनुपर्ने लगायतको नारा सहभागीले लगाएका थिए । मधेसीहरूको परम्परागत विवाह, व्रतबन्ध, श्राद्ध कुलदेउता र जुनसुकै पूजापाठ तथा पर्वमा अनिवार्य धोती लगाउने भएकाले, वर्षको एकपटक आजको दिन धोती लगाउन सबै मधेसीलाई राष्ट्रिय जनता पार्टीका केन्द्रीय सदस्य श्यामप्रसाद गुप्ताले सबैमा आग्रह गरे ।

## दिल्लीमा मनाइयो ढाका टोपी दिवस

काठमाडौं । अन्तर्राष्ट्रिय नेपाली ढाका टोपी दिवस भारतको राजधानी नयाँ दिल्लीमा मनाइएको छ । हरियाणा राज्यको गुरूग्राम सेक्टर-२९ स्थित लेजरवाली पार्कमा सामाजिक संगठन नेपाली देशभक्त आवाजले अंग्रेजी नयाँ वर्षको पहिलो दिन टोपी लगाएर दिवस मनाइएको हो । नेपालीपन, नेपाली मन, हाम्रो अभियान, हाम्रो ढाका टोपी, हाम्रो गौरव, हाम्रो पहिचान भन्ने नाराका साथ आयोजना गरिएको कार्यक्रममा ठूलो संख्यामा प्रवासी नेपालीहरूले टोपीका साथमा दिवस मनाएका हुन् ।

स्थानीय सम्वाद

# प्रदेश र संघीय सरकारबाट कुनै सहयोग छैन



## संजीव कुमार साह
### प्रमुख, भँगाहा नगरपालिका, महोत्तरी

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अंचलको महोत्तरी जिल्लाका १० वटा नगरपालिका मध्ये यो भंगहा नगरपालिका पनि एक हो । यो वि.सं. २०७४ साल भाद्र १ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम घोषणा भएको हो । हालको राजनैतिक विभाजन अनुसार नेपालको प्रदेश २ को महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नं.१ मा पर्ने साविकका ६ (छ) वटा ग.वि.स. भंगहा, सिंग्याही,धर्मपुर, हतिसर्वा, मेघनाथगोरहन्ना र हरिहरपुर हरिनमरी एकिकृत गरि यो भंगहा नगरपालिका घोषणा गरिएको छ । यहाँ जम्मा ९ वडा रहेको छ भने जनसंख्या ४६,७५४ रहेको छ । यसको क्षेत्रफल ७७.२१ वर्ग कि.मी. छ । यसको सिमाना पूर्वमा धनुषा जिल्ला बटेश्वर गाउँपालिका, पश्चिममा औरही नगरपालिका र रामगोपालपुर नगरपालिका, उत्तरमा बर्दिबास नगरपालिका र धनुषा जिल्ला बटेश्वर गाउँपालिका र दक्षिणमा लोहारपट्टी नगरपालिका र बलबा नगरपालिकासम्म रहेको छ ।

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएदेखि तपाइँले के कस्ता कामहरू गर्नुभयो ?**

– देशैभरिमा सबभन्दा बढी अति पिछडिएको समुदाय बसोबास भएको भँगाहा नगरपालिका नै हो । यहाँ मुसहर, चमार, बातर, डोम, दुसाध लगायत पिछडिएका समुदायहरूको बस्ती हो । नगरपालिकामा कसैको बिहे हुँदा विद्यालयमा जन्ती राख्नुपर्ने जुन परम्परा थियो, त्यसलाई अन्त्य गरेका छौं । त्यसका लागि हामीले २७ वटा सामुदायिक भवन बनायौं । यो भवन निर्माणपछि विद्यालय बन्द गरेर जन्ती राख्ने अवस्थाको अन्त्य भएको छ । भँगाहा नगरपालिका बाढी प्रभावित क्षेत्र हो । त्यसतर्फ पनि सुधार गरिएको छ । सडक निर्माण गरेर आवत-जावतमा सहज भएको छ । कृषिमा आधारित भएकोले कृषि आधुनिकीकरणका लागि पनि योजनाहरू ल्याएका छौं । यस नगरपालिकामा ३० वटा विद्यालयहरू छन्, ती सबैका लागि डेस्क बेन्चदेखि लिएर भौतिक पूर्वाधारहरू निर्माण गर्‍यौं । त्यस्तै, स्वास्थ्य क्षेत्रमा पनि सुधार गर्‍यौं । यसैगरी, यस्ता धेरै योजनाहरू सम्पन्न गरेका छौं ।

**० भँगाहा नगरपालिका यतिधेरै पिछडिनुको कारण के ?**

– राज्यले मधेशलाई जहिले पनि पछाडि पार्ने रणनीति जुन विगतमा थियो जसले गर्दा पिछडिएको क्षेत्र झन् उपेक्षित भयो । बर्दिवास, गौशाला र भँगाहा नगरपालिका महोत्तरीको क्षेत्र नं. १ भित्र पर्छ तर बजेट विनियोजन गर्दा पिछडिएको भँगाहामा सबभन्दा कम बजेट दिने गरेको छ । मधेश जहिले पनि पछाडि रहोस् भन्ने भावनाकै कारण आजसम्म पछाडि परेको हो । यहाँ ३० विद्यालयमध्ये चार वटा यस्ता विद्यालय छन् जहाँ अनुमति ५ कक्षा सम्मको दिइएको छ तर एउटा पनि प्रावि शिक्षकको दरबन्दी छैन । यहाँ प्रावि शिक्षकको भरमा निमावि चलिरहेको छ । माविमा प्राविका शिक्षकहरू पढाउने गरेका छन् । यस्ता विभेदका थुप्रै उदाहरणहरू छन् ।

**० तर, विगतमा मधेशकेन्द्रित दलका अधिकांश नेताहरू महत्वपूर्ण मन्त्रालयहरू सम्हालेका थिए, उनीहरूले किन काम गरेनन् ?**

– वास्तवमा मधेशी दलका अधिकांश केन्द्रीय नेताहरूले महत्वपूर्ण मन्त्रालयहरू सम्हाले । तर, उहाँहरूले पनि सकारात्मक दृष्टि राख्नु भएन । ती सबै आआफ्ना स्वार्थपूर्तिमै लागे । यद्यपी संघीय सरकारले हामीलाई सहयोग नगरे पनि हामीसँग उपलब्ध बजेटबाट पक्कै पनि परिवर्तनको आभाष दिलाउनेछौं । भँगाहा नगरपालिकाको मुहार पक्कै परिवर्तन हुनेछ ।

**० यस्तो पिछडिएको ठाउँमा काम गरिरहँदा कति चुनौती महसुस भइरहेको छ ?**

– स्वाभाविकरूपमा धेरै चुनौतीहरू छन् । हामीलाई संघीय वा प्रदेश सरकार कसैको सहयोग प्राप्त भइरहेको छैन । यस नगरपालिकामा प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादव बाहेक अरू कुनै पनि मन्त्रीहरूको उपस्थिति छैन । यस नगरपालिकाबाट मत पाएका नेताहरूले यहाँको अवस्थाबारे बुझ्न पनि आएका छैनन् । आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक गर्ने हो भने चुनौतीलाई अवसरको रूपमा परिणत गर्न सकिन्छ ।

**० भँगाहालाई आत्मनिर्भर बनाउन सक्ने मुख्य स्रोत के हो ?**

– यहाँको मुख्य आयस्रोत भनेको कृषि हो । यहाँका जनजीवन कृषिमा आधारित छन् । सिंचाइका लागि इनार, विद्युतको व्यवस्था गरेका छौं । कृषकहरूलाई गहुँ, धान, तरकारीको बीउ वितरण गरेका छौं । मत्स्य पालनका लागि ३० वटा पोखरीलाई अनुदान दिएर निर्माण गर्‍यौं । यहाँ लगभग दुई दर्जन जति पोखरीहरू छन् । त्यसैले हामीले कृषिलाई विशेष जोड दिएका छौं ।

**० कृषिका लागि प्रदेश वा संघीय सरकारबाट के-कस्ता अनुदान वा सहयोग पाउनुभएको छ ?**

– अहिलेसम्म हामी प्रदेश वा संघीय सरकारबाट कुनै किसिमको अनुदान वा सहयोग पाएका छैनौं । हामीले जे गरिरहेका छौं, त्यो आफ्नो बजेटबाट गरिरहेका छौं । कृषि मन्त्रालयबाट सचिवले बोलाएर छलफल गर्ने, अनुदान दिने लगायतका प्रतिबद्धता दिएका छन् । नमुना नगरपालिका बनाउन आवश्यक सहयोग दिने कृषिका सचिवले आश्वासन दिएका छन् ।

**० तपाइँहरूले गरिरहेको कामबाट जनता कति सन्तुष्ट छन् ?**

– यो कुरा यहाँका जनतासँगै सोध्नुस् । म आफूलाई जहिले पनि राम्रै काम गरेको ठान्छु । यहाँका जनता पनि सन्तुष्ट नै छन् ।

**० स्थानीय निर्वाचनपछि सिंहदरबार गाउँ-गाउँमा जुन नारा थियो, यो कतिको महसुस गराउनुभएको छ ?**

– यो नारा बेबकुफ बनाउने मात्रै हो । सिंहदरबार गाउँ-गाउँमा भन्छन् तर, म नगरपालिकाको प्रमुख भएको नाताले एउटा पिउनलाई कारबाही गर्ने अवस्था छैन । विद्यालयमा शिक्षक आउँदैन भने कुन आधारमा मैले कारबाही गर्ने ? मैले एउटा कर्मचारीलाई समयमा किन कार्यालय नआएको भनेर स्पष्टीकरण सोध्दा उसले कुन दफाले स्पष्टीकरण सोध्न अधिकार दिएको छ भनेर जवाफ दिन्छन् । नाउँको लागि सिंहदरबार गाउँ-गाउँमा भनिएको छ ।

## विश्व परिवेश

# मोदीद्वारा सामरिक महत्वको पुल उद्‍घाटन

आसाम (भारत)। भारतको उत्तरपूर्वी राज्य आसाममा निर्माण गरिएको एक सामारिक महत्वको पुल मंगलबारबाट सञ्चालनमा आएको छ।

पुल सडकको सवारी साधन र रेल दुवैको लागि प्रयोग गर्न सकिने खालको छ। ४.९ किमि लामो उक्त पुल सडक यातायात र रेल मार्ग भएको सबैभन्दा लामो पुल हो। भारतले चीनसँग जोडिएको संवेदनशील सिमानाको प्रतिरक्षा क्षमता वृद्धि गर्ने उद्देश्यले यो पुलको निर्माण गरेको हो।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार मानिसहरूको उपस्थितिमा पुल सुचारू भएको घोषणा गरे।

ब्रम्हपुत्र नदीमाथि बनेको 'बोगिबील पुल'को जग दुई दशक अघि सन् १९९७ मा तत्कालीन प्रधानमन्त्री एच.डी.देवेगोवडाले जग हालेको भए पनि सन् २००३ मा



अटल विहारी बाजपेयीको पालामा पुलको काम सुचारू भएको थियो। हाल आएर हिजो अटल बिहारी बाजपेयीको जन्मदिनमा पुलको उद्घाटन गरिएको छ। भारतले सामरिक रूपमा महत्व दिएको यस पुलको निर्माणमा ५९ अर्ब भारू खर्च भएको छ। पुलले १२० वर्षसम्म सेवा दिन सक्ने बताइएको छ।

आसामको दिब्रूगा सहर नजिक रहेको यस पुलले चीनसँग सिमाना जोडिएको छिमेकी अरूणाञ्चल प्रदेशमा भारतीय सेनाको तैनाथीलाई तीव्रता प्रदान गर्नेछ। पुल सुचारू भएसँगै दिब्रूगादेखि अरूणाञ्चल प्रदेशको राजधानी इटानगरको दूरी ७५० किमिले कम भएको छ। भारतले सन् १९६२ को चीनसँगको युद्धमा अरूणाञ्चलको केही भूभाग गुमाएको थियो।

पुललाई भारतको सबैभन्दा गहुँगो ६० टनको युद्धतोप थेग्न सक्ने अतिरिक्त लडाकू विमान अवतरण गर्न सकिने गरि डिजाइन गरिएको छ। भारतले यस अघिनै सन् २०१७ मा आसाम र अरूणाञ्चल प्रदेश जोड्न ९.१ किमी सडक यातायात मात्र चल्ने पुल बनाएको छ। उक्त संरचना पनि उसले आफ्नो सामारिक प्रतिरक्षा क्षमता वृद्धि गर्ने उदेश्यपुर्तिको लागि निर्माण गरेको थियो। भारतको केन्द सरकारले सन् १९८५ मा आसामी पृथकतावादी समूहको हिंसात्मक आन्दोलन अन्त्य गर्न गरेको सम्झौतामा यो पुल निर्माण गर्ने सहमती जनाएको थियो। *–एजेन्सी*

# गौर राईस मिलको जग्गा अधिग्रहण गर्छौं : मुख्यमन्त्री राउत

रौतहट। प्रदेश २ का मुख्यमन्त्री मो. लालबाबू राउत गद्दीले रौतहटबासीको मुख्य चाहनाको रूपमा रहेको गौर राईस मिलको जग्गा अधिग्रहण गरी जनताको जिम्मा लगाउने प्रतिवद्धता व्यक्त गरेका छन्। ऐतिहासिक राईस मिलको मैदानमा जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले शनिवार आयोजना गरेको प्रदेश २ को तेस्रो तथा नेपालको ६३ औ रौतहट जिल्ला खुल्ला दिसामुक्त घोषणा समारोहमा सम्बोधन गर्दै मुख्यमन्त्री राउतले राईस मिलको जग्गाको विषय सार्वजानिक चासो को विषय भएकोले प्रदेश सरकार गम्भीर भएको बताए। मुख्यमन्त्री राउतले यो जग्गा खेल मैदानको रूपमा प्रयोग हुने भन्दै गौर बासीको आशा चाडै पूरा हुने ठोकुवा गरे। बेटी पढाउ, बेटी बचाउ अभियानका लागि प्रदेश सरकार सक्रिय सोचले अगाडी बढाई रहेको बताउँदै राउतले प्रदेश सरकार महिला सशक्तिकरणको लागि विधेयक ल्याउने तयारी गरेको बताए। खुल्ला दिसा मुक्त घोषणाले मात्र बातावरण स्वच्छ हुन नसक्ने तर्क राख्दै मुख्यमन्त्री राउतले सोचमा परिवर्तनको जरूरी रहेको धारणा राखे। खुल्ला दिसा मुक्त भएपछि स्वच्छता अभियान समाप्त नभएकोले अव मुख्यमन्त्री स्वच्छता अभियान संचालन हुने बताए। अगामी दिनमा प्रदेश सरकार सवै तहमा ५० प्रतिशत महिलाहरूको सहभागीको आरक्षण गर्न लागेको उल्लेख गरे।



शिक्षा, स्वास्थ्यको अवस्था प्रदेश २ मा चिन्ताजनक रहेकोले यसको सुधारको लागी सरकार गंम्भीर भई सुधारको योजना ल्याउने त्यारी गरेको जनाए। मुख्यमन्त्री राउतले सघिय सरकार प्रति लक्षित गर्दै नागरिकता समस्या समाधान नगरेमा प्रदेश सरकार अगाडी कदम चाल्ने चेतावनी दिए। सरकार ल्याउन लागेको प्रहरी ऐनमा ५० प्रतिशत जातिय जनसंख्याको अधारमा आरक्षण गरिएको भन्दै मुसिलमहरूको शिक्षाको विकासको लागी मदरसा वोर्ड गठन गर्न लक्ष्य राखेको बताए। प्रदेश २ को युवाहरूको बेरोजगारी समस्या समाधान नभए सम्म समृद्ध प्रदेश हुन नसक्ने बताए। माघ १ गते देखि जन्म लिने बेटीको १ लाख विमा गर्नेकार्य शुरू हुने जानकारी गराउदै मुख्यमन्त्री राउतले गरिव , असहाय परिवारको छोरीको विहेको लागी सो रकम उपहार सावित हुने जिकिर गरे।

कार्यक्रममा प्रदेश २ को भुमि व्यवस्था तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले गौर राईस मिल मधेश आन्दोलनको साक्षी रहेकोले प्रादेशिक गौरवको योजना अन्तगत अधिग्रहण गनू पर्ने जोड दिए। नेकपाका नेताका नेताहरू प्रति कटाक्ष गर्दै राज्यमन्त्री यादवले संघिय सरकारका मन्त्री उपचार गराउन विदेश गएको समाचार लेख्ने पत्रकारलाई कुटपिट गर्दा कुटनितिक विपरित कार्य नहुने प्रदेश सरकार जनताको हितका काम गर्दा कुटनितिक मर्यादाको विपरित भएको भन्दै डेलिकेशन लिएर जाने टिप्पणी गरे।

राज्यमन्त्री यादवले भारतका सचिन तेन्दुलकर , महेन्द्र सिहं धौनी , नेपालका संदिप लामिछाने जस्तो क्रिकेट खेलाडी बन्न सकने रौतहटका युवाहरू रहेकोले गौर राईस मिलको जग्गा अविलम्व अधिग्रहण गरी खेलकुदको मैदान बनाउन मुख्यमन्त्रीलाई आग्रह गरे।

कार्यक्रममा प्रदेश सांसद रामकिशोर राय यादव गण्डक नहरको काम छिटो गर्नलाई ठेकेदारलाई निर्देशन दिन आग्रह गर्दै नदी नियन्त्रण कार्यालयले नदीको कार्यमा ढिलासुस्ती गरीरहेकोले कार्यवाही गर्न सरकार संग माग गरे। प्रदेश सांसद बाबुलाल साहले गौर राईस मिलको जग्गा सार्वजनिक गर्नु पर्ने जोड दिदै गौर अस्पतालको अवस्था जर्जर रहेकोले यसको सुधार गर्नु पर्ने बताए।

सहभागी भएका अतिथीहरूलाई स्वागत गर्दै गौर नगरपालिकाका नगर प्रमुख अजय कुमार गुप्ताले रौतहटको शान , गौरको मुटुको रूपमा रहेको ऐतिहासिक मैदानको रूपमा रहेको गौर राईस मिलको जग्गा प्रति भु मुफियाहरूको चलखेल तिव्र रहेको हुदा छिटै अधिग्रहण गरि सार्वजनिक गर्नु पर्ने माग गरे। मेयर गुप्ताले गौरको जनताको आशा रहेकोले प्रदेश सरकारले गौरनगरवासीको अपेक्षा पुरा गर्ने विश्वस्त रहेको बताए।

५ वर्षको सघन प्रयासको कारण रौतहट सरसफाईको पहिलो चरणको खुडकिलो पार गरेको खानेपानी सरसफाई डिभिजन कार्यालय सर्लाही रौतहटका डिभिजन प्रमुख अनिल केसरीले बताए। २०६८ को सरसफाई गुरू योजना अर्न्तगत विगत ५ वर्षमा विभिन्न किसिमका सरसफाईको जनचेतनामुलक कार्यक्रम संचालन गरी जिल्लालाई खुल्ला दिसा मुक्त घोषणा गराउने कार्यमा सहयोग पुरयाउने सवै सरोकारवाला व्यक्ति , सरकारी कार्यालयका प्रमुख , सुरक्षा निकायका प्रमुख , सरकारी तथा गैर सरकारी संघ सस्थाका प्रमुख , नागरिक समाजका अगुवा , संचारकर्मीहरू प्रति धन्यवाद ज्ञापन गर्दै डिभिजन प्रमुख केशरीले अगामी दिनमा पुर्ण सरसफाई कार्यक्रम अन्तर्गत कमी कमजोरीलाई पुरा गर्ने प्रतिवद्धता जनाए।

# मदरसालाई वित्तीय सहयोग गर्ने विवादास्पद विधेयक

नेपालको प्रदेश नं. २ को सरकारले अक्टोबर ३० का दिन दक्षिण पूर्वको क्षेत्रमा विदेशद्धारा वित्तीय सहयोग प्राप्त भएको आधारमा मदरसाहरू संचालन गर्ने एक विवादस्पद विद्येयक लागु भएको छ। त्यस विद्येयकले तराईका आठ जिल्लाहरूमा विदेशबाट सहयोग प्राप्त गरी मुसलमानहरूका बच्चाहरूका लागि विद्यालयहरू संचालन गर्ने उद्येश्यहरू परिपूर्त्ति गर्न निम्न ५ प्रकृतिका वातावरण तयार पार्ने छ।

१.त्यस विद्येयक अनुसार विदेशी संगठनहरू वा आन्तरिक व्यक्तिहरूबाट मुसलवान विद्यालयहरू संचालन गर्ने आर्थिक अनुदान र सहयोग आदि प्राप्त गरी मदरसा शिक्षण समितिहरू गठन गरिनेछन्।

त्यस विवादास्पद विद्येयकको वैधानिकता र राष्ट्रिय सुरक्षामाथि पर्ने असर तथा प्रभाव सम्बन्धमा नेपालका थुप्रै निकाय तथा संगठनहरूद्धारा व्यापक आलोचना गरिएको छ। नेपाल ऐन नियम-कानून कुनै गैरसरकारी संगठन र संस्थाले विदेशबाट वित्तीय सहयोग प्राप्त गर्नु भन्दा अगावै केन्द्रीय सरकारसँग स्वीकृति लिनु आवश्यक पर्दछ। तर प्रान्त नं. २ बाट प्रस्तावित त्यस विद्येयकले केन्द्रबाट लिनु पर्नै आवश्यक कानूनी प्रावधानहरूलाई बेवास्ता गर्दै त्यसलाई संचालन गर्न खोजिएको छ। नेपालमाथि खासगरीकन पश्चिमी वित्तीय सहयोगमा संचालित रहेका जति धार्मिक संगठनहरू रहेका छन्। तिनीहरूले आफ्ना विध्वंसक र कुत्सित प्रकारका काम कारवाहीहरू अनुदान तथा दानको रूपमा क्षेत्रहरूमा प्रवर्द्धन गर्दै आएकाले अन्तर्राष्ट्रिय संगठनहरूले निगरानी राख्दै आएको र राखेको समेत इतिहास रहेको छ।



सबभन्दा महत्वपूर्ण कुरा, त्यस विद्येयकले नेपालको सुरक्षा व्यवस्थामाथि गम्भिर असर तथा प्रभाव पार्ने छ। सरकारी तथ्यांक अनुसार नेपालमा जम्मा ९०७ मदरसाहरू पंजीकृत गरिएकाछन्। तर त्यस संख्यालाई रहस्यमय नै मानिएकोछ किनकि यो वास्तविक तथ्यांक होइन। मुसलमानहरूको संगठन अनुसार नेपालमा २००० दुई हजार जति मदरसाहरू रहेपनि त्रिभुवन विश्वविद्यालयमा त्यस विषयमा अध्यानरत रहेका प्राज्ञ जहीद पखेजले मदरसाहरूमको संख्या ४ हजार जति रहेको बताएका छन।

२. नेपालले मदरसाहरूको नियन्त्रण गर्दै आएको दाबी गरेपनि मदरसा संचालन गर्ने निकायहरू, जो साउदी अरबिआ, कुवेत र पाकिस्तानबाट प्राप्त वित्तीय सहयोगमा संचालित रहँदै आएका छन्, त्यस स्वरूप र संख्या समेत पारदर्शी नभएकाले त्यसबारे किटानीसाथ यकीनवपूर्वक भन्ने अवस्था रहेको छैन। अधिकांश मदरसाहरू भारत -नेपाल सीमा नजीका क्षेत्रहरूमा रहेकाछन् किनकि नेपालमा रहेका मुसलमानहरूको दुई- तिहाई जनसंख्या त्यसै क्षेत्रमा रहेको छ । त्यसैले धार्मिक अतिवादिता तथा विध्वंसक गतिविधिहरूको संचालनमा विगत देखि नै अमात-ए-इस्लामी नेपाल र इस्लामिक संघ नेपाल भन्ने इस्लामिक संगठनहरू अवाञ्छित र विप्लवी गतिविधिमा संलग्नता रहेको बारे सही प्रकारको शंका उत्पन्न गरी दिएकोछ भने विभिन्न ठाउँहरू जस्तै-अहने, पचेरा, तमगार खैरेनी, विराटनगर र पोखरा आदि ठाउँमा रहेका कारण विध्वंसात्मक गतिविधिहरू सक्रियपुर्वक संचालित गर्दै आएको समेत अनुमान गर्न थालिएको छ। सेवर्त्ती भारतीय क्षेत्र नजीक रहेका कारण ति मदरसाहरूबाट भारतविरोधी गतिविधिहरू समेत संचालन गर्ने गरिएको छ। भारतीय सीमावर्त्ती क्षेत्रमा संचालित रहेको कारण ती ठाउँहरू अवैध हातहतियारहरू सँग लागू पदार्थहरूको ओसार-पसार, अवैधानिक र अवाञ्छित गतिविधि संचालनसँगै नक्कली नोटको कारोबार समेत हुँदै आएको छ। अझ स्पष्ट रूपमा भन्ने हो भने त्यसले काठमाडौँमा रहेका पाकिस्तानका कूटनीतिक पदाधिकारीहरू सँगै पाकिस्तानको आन्तरिक गुप्तचर निकायहरू संलग्नता बारे समेत साक्ष्य-प्रमाण सहित उदाङ्गो पारी दिएको छ।

३. यो पनि जानकारीमा आएकोछ कि थुप्रै मदरसाहरू शिक्षाका नाममा विदेशी दात संगठनहरूको सहयोगमा संचालित रहँदै आएको छ र ती मुसलि संगठनहरूले विध्वंसक गतिविधिहरूमा समेत संचालन गर्दै आएका छन्। त्यस्ता संगठनहरू साउदी अरबिआ र परसियाको गुल्फ देशहरूकबाट साउदीअरबिआ र पाकिस्तानका हबीबी बैंकका शाखाहरूबाट स्थानीय हिमालयन बैंकको सहयोगमा संचालित रही आतंकवादी गतिविधिहरू समेत संचालन गर्दै आएको छ।

४. प्रदेश २ को सरकारले अहिले प्रान्तीय सभाको विद्येयक समितिबाट पुनरावलकन गराउने गरी स्वीकृतिका लागि त्यस समितिमा पठाईसकेको छ। तर सरकारले त्यो पनि स्पष्ट पारेको छ कि त्यो विद्येयक पुन : सभा प्रस्तुत गरिने छ।

५.सरकारले तैपनि नेपालको आफ्नो आन्तरिक सुरक्षाका लागि त्यस विद्येयकले पार्ने प्रभावलाई बिर्सनु हुँदैन र त्यसमाथि गम्भिरतापूर्वक विचार गरी मात्र केही निर्णय गर्नु राष्ट्रियहित अनुरूप हुनेछ। विगत देखि नै नेपालका भू-भागहरूमा छिमेकिहरूले राष्ट्रियहित विपरीतका गतिविधिहरू संचालन गर्दे आएका छन्।

अनन्तः यस विवादास्पद विद्येयकले भविष्यमा नेपालको सुरक्षा संजालमा ज्यादै ठुलो विसंगति तथा विकृतिहरू उत्पन्न गर्नेछ। आफ्नो सार्वजनिक प्रतिबद्धताका बाबजुत पनि जबसम्म काठमाण्डूले विदेशहरूबाट निरन्तर प्रवाहित गरिने वित्तीय अनुदान र सहयोगलाई रोक्ने र त्यसलाई नियन्त्रण गर्न समसामायिक कारवाही गर्दैन तबसम्म देशको राजनीतिक नेतृत्वले राष्ट्रिय सुरक्षा सम्झौतामाथि विशेष ध्यान दिई त्यस चालबाजीपूर्ण राजनीतिक उपलब्धिलाई प्रश्रय दिनु कुनै पनि हालतमा देशका लागि हितकर हुने छैन। – *एजेन्सीको सहयोगमा*

## जिल्ला समाचार

### "प्रदेश २ का छोरीहरू अब लखपति भएर जन्मिने"

सर्लाही। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश २ मा माघ १ गतेपछि छोरीहरू लखपति भएर जन्मिने बताएका छन्। सर्लाहीको पर्सा गाउँपालिकामा आइतबार चलिसाहा दाहाको उद्‌घाटन गर्दै मुख्यमन्त्री राउतले मुख्यमन्त्री बेटीपढाउ बेटी बचाउ कार्यक्रमअन्तर्गत पहिलो चरणमा प्रदेशका ८ वटा स्थानीय तहमा यो कार्यक्रम लागू भएको र त्यसमा पर्सा गाउँपालिकासमेत रहेको जानकारी गराए। मुख्यमन्त्री राउतले भ्रुणमै छोरीको हत्या गरिने कार्यलाई निरूत्साहित गर्न प्रदेश सरकारले बेटी विमा योजना ल्याएको उल्लेख गरे। उनले यो कार्यक्रम पहिलो चरणमा ८ वटा स्थानीयतहमा मात्र लागु गरिए पनि अगामी आर्थिक वर्ष देखी प्रदेशभरि नै लागु गरिने योजना आफुहरूको रहेको बताए। मुख्यमन्त्री राउतले प्रदेश सरकारले अहिले गरेका गतिविधिहरू बारे उल्लेख गर्दै बेटी पढाउ बेटी बचाउ, मुख्यमन्त्री स्वच्छता अभियान, दलित सशक्तिकरण ऐन, मदरसा बोर्ड जस्ता कार्यहरूले समाजिक परिर्वतनमा उल्लेख्य भूमिका निर्वाह गर्ने विश्वास समेत व्यक्त गरे।

### विद्युतको सदुपयोग आवश्यक : मन्त्री चौधरी

रूपन्देही। प्रदेश नम्बर पाँचका भौतिक पूर्वाधार तथा विकास मन्त्री बैजनाथ चौधरीले मुलुकको समृद्धिको आधार विद्युत रहेको बताएका छन्। त्यसको लागि विद्युतको उत्पादन र सही सदुपयोग हुन आवश्यक रहेकोमा जोड दिए। नेपाल विद्युत प्राधिकरण राष्ट्रिय कर्मचारी युनियन प्रदेश भेला तथा प्रदेश समितिको घोषणा सभामा बुधबार बोल्दै चौधरीले विद्युतको तीब्र उत्पादन र विकास गरेपछि मात्र मुलुक समृद्ध बन्ने बताए। 'समृद्ध नेपाल सुखी नेपाली भन्ने सरकारको लक्ष्य छ' मन्त्री चौधरीले भने, 'त्यसको लक्ष्यमा पुग्न विद्युतको तीब रूपमा उत्पादन र विकास गर्नुपर्छ।' चौधरीले विद्युतको धेरै चुहावट हुने गरेको भन्दै त्यसको नियन्त्रणमा कर्मचारी खटनुपर्ने बताए। 'विद्युतको क्षेत्रमा भ्रष्टचार र अनियमितता पनि छन्। त्यसको नियन्त्रण गर्न कर्मचारीहरूले खवरदारी पनि गरिनुपर्छ।' मन्त्री चौधरीले भने। उनले नेपालका छिमेकी दुई राष्ट्रहरू भारत र चीन विकासको तीब्र गतिमा अगाडि बढेका प्रसंग उठाउँदै चौधरीले अब नेपाल पनि त्यो गतिमा जानुको विकल्प नभएको बताए। कार्यक्रममा नेपाल विद्युत प्राधिकरण राष्ट्रिय कर्मचारी युनियनका संयोजक रामेश्वर पौडेलले विद्युत प्राधिकरणका कर्मचारीहरू रूपान्तरण हुन आवश्यक भएको बताए। उनले कर्मचारीहरूलाई ग्राहकको सम्मानका साथ सेवा गर्न आग्रह गरे। कार्यक्रममा सह-संयोजक खगेन्द्र शाहीले कर्मचारीलाई एकताबद्ध भएर अगाडि बढन आग्रह गरे।

### अन्तर्राष्ट्रियस्तरको सांस्कृतिक कार्यक्रम हुने

वीरगन्ज। लामो अन्तरालपछि वीरगन्जमा अन्तर्राष्ट्रियस्तरको सांस्कृतिक कार्यक्रम हुन लागेको छ। शालिमारले प्रजेन्टस् गरेको धर्मेश लाईभ इन नेपाल कार्यक्रम वीरगंजमा आयोजना हुन लागेको आइतबार पत्रकार सम्मेलन गर्दै आयोजकले जानकारी गराएको हो। सिटि डान्स एकेडेमी, सि आई ए पर्साको संयुक्त आयोजनामा सामाजिक वातावरणमा अन्तर्राष्ट्रियस्तरको कार्यक्रम यही पौष २१ गते शनिबार वीरगंजको आदर्शनगर रंगशालामा आयोजना हुने कार्यक्रम संयोजक राजन रौनियारले जानकारी गराएका छन्। कार्यक्रमका लागि भारत तथा अन्तर्राष्ट्रिय स्तरमा डान्सको माध्यमले ख्याती कमाएका भारतीय कलाकार धर्मेशको मुख्य आकर्षण रहने कार्यक्रममा नेपालका डान्स प्लसमा टप ५ मा पर्न सफल ए स्क्वार चौधरी ब्रदर्श, यस्तै भ्वाईस अफ नेपालका विवेक परियार, मन्दिप खड्का, सदाम हुसेन, सुभम भुजेल र सिटि डान्स एकेडेमीका कलाकारहरूको बेजोड प्रस्तुती रहने आयोजकले जानकारी गराएको छ।

### चिल्ड्रेन पार्क सञ्चालन

दिनेश ठाकुर, नेपालगञ्ज। नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ४ मा निर्मित चिल्ड्रेन पार्क सञ्चालनमा ल्याइएको छ। उपमहानगरपालिकाका नगर प्रमुख डा. धवलशम्शेर राणाले बुधबार रिवन काटेर पार्कको उद्‌घाटन गरेका छन्। नेपालगञ्ज उपमहानगरपालिकाको सहयोगमा वडा नं. ४ स्थित वडा कार्यालय परिसरमै आधुनिक चिल्ड्रेन पार्क बनेको हो। २६ लाख ५० हजारको लागतमा निर्मित पार्कको चारैतिर सुन्दर पर्खाल, बीच भागमा पानीको फोहरा, लाइटिङ, झुला लगायत खेल सामाग्री रहेको चिल्ड्रेन पार्क उपभोक्ता समितिका अध्यक्ष मोहम्मद सलीम मुसलमानले बताए। उदघाटन समारोहमा बोल्दै नगर प्रमुख राणाले हरेक वडामा चिल्ड्रेन पार्कको अवधारण अघि सारिएको भन्दै पार्कलाई व्यवस्थित सञ्चालन गर्न सुझाव समेत दिए। यस्तै नगर उपप्रमुख उमा थापा मगरले दीर्घकालीन सोच राखेर वडाले आफ्ना कार्यक्रम र योजना लागू गर्नुपर्ने बताए। कार्यक्रममा पूर्वसांसद भोला सिद्दिकी, नेकपाका बाँके प्रमुख अकल बहादुर बम लगायतले शुभकाना मन्तव्य दिएका थिए।

### अच्चमकी बालिकालाई सहयोगको याचना

मोरङ। पथरीशनिश्चरे १० की आयुशा राई अहिले ११ वर्षकी भइन् तर उनी हिड्डुल गर्न भने सक्दिनन्। कक्षा २ मा अध्यानरत आयुसा पढ्ने र लेख्ने शक्ति भने अदभुत रहेको छ। १९,२० वर्षको मानिसको जस्तै गफ गर्ने आयूसाको पछि गएर डाक्टर बन्ने सपना छ। उनी जन्मेको ३/४ महिनामा बाबु बितेपछि मामल बस्दै आएकी आयुसा करिब एक डेढ फिटकी मात्र छिन् भने उनको दुबै हात खुट्टा लावर जस्तै छन्। तर पनि उनि कहिल्यै हरेश नखाई स्कुल जाने गर्छिन्। स्थानीय सिदार्थ बोडिङमा पढ्दै आएकी आयुसालाई स्कुलले नै बस्नका लागि कुर्सी बनाइदिएको छ। साथीसँगीसँग खुलेर रमाउने आयुसालाई स्कुलमा सर मिस र साथीहरूले सधै हौसला दिने गरेको उनी बताउँछिन्। औषधी उपचारको अभावमा ११ वर्षदेखि शारिरिक अपाङगता भएर बस्नु परेको हजुरामा बताउँछिन्। पोलियोका कारण आफ्नो हात खुट्टा बिग्रिएको आयुसाको भनाई छ।

### ल्होसार मनाइयो

दिनेश ठाकुर, नेपालगन्ज। गुरूङ्गहरूको महान पर्व ल्होसार पर्वको अवशरमा बाँकेको नेपालगन्जमा पनि विविध कार्यक्रम गरि मनाइएको छ। ल्होसारको उपलक्षयमासम्पुर्ण तमुहरू आआफना भेषभुषामा सजिएर गुम्बा परिसरमा जम्मा भई एकआपसमा शुभकामना आदानप्रदान गरेका थिए। विषेश कार्यक्रमको स्वागत मन्तब्य तमु ह्युल छोज धि गुरूङ्ग राष्ट्रिय परिषद, बाँकेकाका कोषाध्यक्ष बिमला तमुले गरेका थिए भने तमु ल्होसारको महत्व प्रकास माथि भिम गुरूङ्गले गरेका थिए। सो ल्होसारको विषेश कार्यक्रमका प्रमुख अतिथि नेपालगन्ज उपमहानगरपालिका मेयर डा. धवल शम्सेर राणाले गुरूङ्गहरूको भेषभुषा र भाषालाई संरक्षण गर्नु पर्नेमा जोड दिए। साथै उहाँले नेपालगन्जको गुम्बामा बनेको बुद्धको मुर्तिको सहयोगार्थ आफनो एक महिनाको पारिश्रमिक बराबारको ५० हजार चेक हस्तान्तरण गरे।

### नैराश्यता पैदा नगर्न मुख्यमन्त्रीको आग्रह

कैलाली। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्‌टले झुटा र भ्रमपूर्ण समाचार सम्प्रेषण गरेर जनतामा नैराश्यता पैदा नगर्न आग्रह गरेका छन्। मङ्गलबार धनगढीमा क्रियाशील पत्रकारलाई आफ्नो कार्यकक्षमा डाकेर मुख्यमन्त्री भट्‌टले पत्रकारिता राज्यको चौंथो अङ्ग भएकाले जिम्मेवारी बोध गरेर यथार्थता पस्किन आग्रह गरेका हुन्। लोकतन्त्रको महत्वपूर्ण आधार मानिने सञ्चार जगतले यथार्थता बङ्ग्याएर जनतामा निराशा पैदा गर्ने सामाग्री प्रकाशन तथा प्रसारण गरिरहेको भन्दै सत्यतथ्य लेखेर रचनात्मक जिम्मेवारी बहन गर्न उनले जोड दिए।

### निःशुल्क शिक्षा दिनुपर्ने माग

कपिलवस्तु। कपिलवस्तु जिल्लाको कृष्णानगर नगरपालिका वडा नं २ बजार क्षेत्रमा सबैका लागि शिक्षा, दिव्यांग र असहाय बालबालिकालाई निःशुल्क शिक्षा दिनुपर्नेमा जोड दिँदै नगर परिक्रमा गरिएको छ। आरएम कोचिंग सेन्टर, सहारा पब्लिक स्कूल र ग्लोबल इंग्लिश बोर्डिंग स्कूलको संयुक्त आयोजनामा उक्त स्कूलका विद्यार्थी, संघीय समाजवादी फोरम नेपाल प्रदेश नं ५ का प्रवक्ता अकरम पठान, मित्र राष्ट्र भारत उत्तरप्रदेशका वि.जे.पी. सिद्धार्थनगरका सहसंयोजक सुनिल अग्रहरी, कृष्णानगर उद्योग वाणिज्य संघका अध्यक्ष गुरूचरन सिंह (बंटी सरदार), गोपाल प्यारे चंदेल, वडा नं २ का वडाध्यक्ष वृजेश कुमार गुप्ता कसौधन, विनय शर्मा, राहुल मोदनवाल, गुफरान साकिर, संजय शर्मा, महिला समाजसेवी अस्ति कुशहवा र ममता गुप्ता लगायत पत्रकार, समाजसेवी, शिक्षा प्रेमीको टोलीले नगर परिक्रमा गरि शिक्षामा सबैको ध्यान हुनु पर्ने नाराका साथ गोलघरमा सभा राखेर आआफ्नो मन्तव्य राख्दै शिक्षा मा सबैको पहुच पुर्याउन सबै मिलेर लाग्नु पर्ने कुरामा जोड दिए।


रेशम चौधरीलाई पहिले सपथ खुवाउन नमिल्ने, अहिले चैं मिल्ने, के कारणले हो ? लौन खुलाई पाउँ । न्यायिक प्रक्रियाबाट नयाँ निर्णयमा पुगिएको हो कि, यो सिर्फ 'सुविधा' को राजनीतिक निर्णय हो । याद गर है, राज्यप्रति नागरिकको विश्वासमा पहिरो जाँदैछ । **सूर्यराज आचार्य**


हाम्रो जस्तो विविधताले भरिपुर्ण देशमा मात्र टोपी दिवस हैन 'सांस्कृतिक पोशाक' दिवस मनाउन मनासिब हुन्छ । जसमा बख्खु, दोचा, घलेक, घाटु, गुन्यु चोली, दौरा सुरवाल, टोपी, धोती, गम्छा, लगायत सबै जात, संस्कृति, भुगोल विशेषको पोशाक समेटियोस् । **मिरा ढकाल**


हिन्दु धर्मका हरेक चाडहरू वैदिक मान्यता र खगोलीय समय बिन्दुका आधारमा निर्धारण गरिएका हुन्छन् । मधेश आन्दोलन चलिरहेका बेला कुन्ठाका आधारमा पहाडे बेरोजगारहरूले फेसबुकमा निर्धारण गरेको चाड यही 'ढाका टोपी' दिवस मात्र हो । **ईश्वर अर्याल**


राजपा नेताहरूका लागि प्रधानमन्त्रीको प्रष्ट संकेत थियो- यदि राजपाले कुनै पनि निहुँ झिकेर सरकारलाई दिँदै आएको समर्थन फिर्ता लियो भने प्रदेश २ मा नेकपा सरकार बनाउने प्रयासमा लाग्नुपर्ने हुन्छ । **अनिल कुमार कर्ण**


प्रदेशको मातहत नबस्ने CDO लाई प्रदेश प्रहरी चलाउने अधिकार किन चाहियो ? केन्द्र सरकारको प्रतिनिधि भई जिल्लाका सबै कार्यकारी अधिकार CDO लाई नै दिने भए प्रदेश र प्रदेश सरकार किन चाहियो ? संघीयता बिरोधी केन्द्रीकृत सर्वसत्तावादीहरूको षड्यन्त्र अझै रोकिएको छैन । **सी.एन खड्का**


रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने प्रस्ताव मन्त्रीपरिषद्बाट पारित भएको छ । प्रदेश दुईका लागि यो अत्यन्तै ठूलो गर्व र उपलब्धिको विषय हो । २०६५ देखि यता दश सालमा प्रदेश दुई अन्तर्गतका जिल्लाबाट सात जना स्वास्थ्य मन्त्री भएपनि मधेशको कुनै जिल्लामा स्वास्थ्य विज्ञान प्रतिष्ठान बन्न सकेको थिएन । **महेश चौरासिया**


राजपाको आधा दर्जन ज्ञापन पत्र, एक दर्जन धम्की र संयोजक परिवर्तन पछि माननीय रेशम चौधरीलाई आधा घण्टाका लागि सिंहदरबार घुमाउने हल्ला के चल्यो नेपालका 'पादु' संविधान विद र 'ढेल्पोछा' संगठनहरू रोइकराई गर्न थाले । मधेशमा गाछी डुबेकै थियो अव थरूहटबाट पनि आफ्नो जाडो काट्न उद्धत भएछ । **बीपी साह**


१७ हजार मान्छेका हत्यारा यो देशको मुखिया, पीडित जनताहरू तिनका भरिया । डन, भ्रष्ट, माफिया र देश द्रोहीलाई तक्मा र पुरस्कार ? बलात्कारी र घुसखोरीहरूलाई सुरक्षा ? कता जाँदैछ यो मुलुक ? **अस्मिता भण्डारी**


समस्या मधेशमा मात्र हैन पहाड हिमाल सबैतिर छ एउटा गरिब बाहुनको छोरा पहाडको एउटा कुनामा हलो जोतिरहेको छ । एउटा हिमालको भोटे अझै नुन खान सकेको छैन मलाई समस्या शासकदेखि लाग्छ । मधेश पहाडको नाममा हामीलाई ढाल बनाएर लडाउने नेताहरू त सिर्फ आफ्नो व्यक्तिगत स्वार्थमा जिउने अनि विलासी जिन्दगी पाउनको लागि हामीलाई प्रयोग गर्ने मात्र हुन् । **सन्तोष यादव**

# मावलीयको १५७ औं जन्मजयन्ती मनाइयो

काठमाडौं । भारतको काशी हिन्दू विश्वविद्यालयका संस्थापक पण्डित मदन मोहन मालवीयको १५७औं जन्मजयन्तीका सन्दर्भमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी, त्रिविका पूर्वउपकुलपति महेशकुमार उपाध्याय र पूर्वरथी नारायणचन्द्र मल्ललाई सम्मान गरिएको छ । सोही विश्वविद्यालयमा शिक्षा लिएर उनीहरूले मुलुकको विकासमा योगदान गरेबापत सम्मान गरिएको छ ।




महामाना मालवीया मिसनले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले उहाँहरूलाई सम्मान गर्दै मालवीयले भारतीय संस्कृतिका मर्मज्ञ तथा पूर्वीय दर्शनका ज्ञाता भएको र भारतको स्वतन्त्रता आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन योगदान गरेको विचार व्यक्त गरे ।

कार्यक्रम आयोजक संस्थाका अध्यक्ष जीएन सरस्वती, नेपाल-भारत पुस्तकालयका प्रमुख डा महेशचन्द्र शर्मा, साहित्यकार जीवनचन्द्र कोइरालालगायतले मालवीयको सरलपन, सादा जीवन तथा उच्च विचारको नयाँ पुस्ताले अनुकरण गर्नुपर्नेमा जोड दिँदै पाँचखालमा नयाँ काशी विश्वविद्यालय स्थापना गर्ने उद्देश्यका साथ संस्था अगाडि बढेको जानकारी दिए । विभिन्न सांस्कृतिक कार्यक्रमसमेत गरिएको उक्त कार्यक्रममा मालवीय सन्देश वार्षिक मुखपत्र विमोचन गरिएको थियो ।

# स्वर कोकिला पुरस्कारबाट पटेल सम्मानित

राकेश यादव, रौतहट । रौतहट जिल्लाको गौर नगरपालिका वड़ा नम्बर २ महादेवपट्टी निवासी गायिका अंजली पटेल भारतको चेन्नईमा सम्मानित भएकी छिन् । गीत संगीतको क्षेत्रमा आफ्नो पहिचान बनाउन सफल भएकी गायिका पटेललाइ स्टेला मारिस कालेज चेन्नई तथा हिन्दी कश्मीरी संगम श्रीनगरको संयुक्त आयोजनामा आयोजित अन्तर्राष्ट्रिय संगोष्ठी तथा सम्मान समारोहमा सम्मानित गरिएको हो । पटेललाइ वेस्ट बंगालका राज्यपाल केशरीनाथ त्रिपाठी तथा त्रिपुराको राज्यपाल कप्तान सिंह सोलंकीले स्वर कोकिला हव्वा खतून साहित्य पुरस्कारबाट सम्मानित गरेका छन् । केमेस्ट्रीबाट स्नातक तह उत्तीर्ण गरेकी पटेल स्नातोकर शिक्षा विषयमा शिक्षा हासिल गरेकी छिन् ।



सानै उमेरदेखि गायनक्षेत्रमा रूचि राख्ने ३२ वर्षीया पटेल संगीतमा बीए रत्नराज्य क्याम्पस काठमाडौंमा पूरा गरी गायनको साथसाथै अध्यापनमा पनि लागेकी छन् । गायिका पटेल अहिलेसम्म भारतमा विभिन्न पुरस्कारबाट चार पटक सम्मानित भइसकेकी छन् । मधेशी समुदायको छोरी भएर शिक्षा र सँगीतको क्षेत्रमा राम्रो प्रगति गरेकी हुन् ।

यसअघि हम सब साथ साथ छैठौ सोसल मीडिया सम्मान २०१८, आशिष चन्द्र शुक्ला स्मृति सम्मान र टाइम्स इण्डिया टयालेन्ट अवार्डबाट सम्मानित भएको गायिका पटेलले जानकारी दिएका छन् ।

# रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना हुने

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पेश गरेको प्रस्ताव अनुसार सप्तरीमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना हुने भएको छ । प्रदेश नं २ को सप्तरीमा स्थापना गरिने उक्त स्वास्थ्य बिज्ञान प्रतिष्ठानको नेपाल सरकार मन्त्रिपरिषदको सोमबारको बैठकले निर्णयसँगै सो स्थापना हुने भएको हो । उक्त स्वास्थ्य विज्ञान प्रतिष्ठान राजविराज सप्तरीमा स्थापना हुनेछ जसबाट प्रदेश नं १ र २ का विरामीहरूले उपचार सुविधा प्राप्त गर्नेछन् । साथै चिकित्साशास्त्र अध्ययन गर्ने विद्यार्थीहरूका लागि ठूलो अवसर प्राप्त हुनेछ । विकास र निर्माणको दृष्टिकोणले अत्यन्त पछाडि परेको यो जिल्लामा स्वास्थ्य बिज्ञान प्रतिष्ठान स्थापना भएपछि नेपालका १ र २ न प्रदेशका स्थानीयले सेवा सुविधा पाउनुका साथै छिमेकी मुलुक भारतका जनताले पनि सेवा प्राप्त गर्न सक्नेछन् । स्वास्थ्य बिज्ञान प्रतिष्ठानको स्थापनासँगै स्थानीय तहमा सुलभ र आफ्नै गाउँमा स्वास्थ्य सेवा सविधाका साथै रोजगारीका अवसर प्राप्त हुनेछ । जसले सप्तरीको विकासमा फड्को मार्न सघाउ पुग्नेछ ।

# धान उत्पादनमा प्रदेश २ अगाडि

काठमाडौं । धान उत्पादनमा प्रदेश २ अगाडि देखिएको छ । चालू आर्थिक वर्ष २०७५/७६ मा प्रदेश २ मा १४ लाख ९५ हजार ४४ मेट्रिक टन धान उत्पादन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । ४० लाख १९ हजार ६ हेक्टर क्षेत्रफलमा सो परिमाण बराबरको धान उत्पादन भएको हो । कर्णाली प्रदेशमा भने सबैभन्दा कम १ लाख ३३ हजार ५ सय ७९ मेट्रिक टन धान फलेको छ । कर्णाली प्रदेशमा जम्मा ३८ हजार २ सय ४८ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो । यस्तै, प्रदेश १ मा १२ लाख ३७ हजार ९ सय ५२ मेट्रिक टन, प्रदेश ५ मा ११ लाख ८८ हजार ६ सय ७५ मेट्रिक टन, प्रदेश ३ मा ५ लाख २१ हजार ४ सय ४६ मेट्रिक टन, गण्डकी प्रदेशमा ४ लाख २७ हजार ६ सय ८९ मेट्रिक टन, सुदूपश्चिम प्रदेशमा ६ लाख ५ हजार ६ सय २५ मेट्रिक टन धान उत्पादन भएको कृषि मन्त्रालयको तथ्याङक छ । चालू आर्थिक वर्ष मुलुकभर ५६ लाख १० हजार १० मेट्रिक टन धान उत्पादन भएको छ । यो गत आर्थिक वर्षको भन्दा ४ लाख ५८ हजार ८६ मेट्रिक टनले बढी हो । मुलुकभर १४ अर्ब ९१ हजार ७ सय ४४ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको मन्त्रालयले जनाएको छ ।

# भारतीय पर्यटकको आकर्षण

रूपन्देही । वैदेशिक लगानीको पाँचतारे रिसोर्ट 'टाइगर प्यालेस'मा भारतीय पर्यटकहरूको आकर्षण बढ्दै गएको छ । सिद्धार्थ राजमार्गको भैरहवा-बुटवल खण्डमा रहेको यो टाइगर प्यालेस रिसोर्ट नेपालकै उत्कृष्ट मध्येको एक बन्दै गएको छ । भारतीय कर्पोरेट हाउसलगायत धनाढ्यहरूले पहिला काठमाडौं, पोखरालगायतका स्थानमा कर्पोरेट कार्यक्रम, डिलर्स मिट, बिबाह, वैवाहिक वार्षिकोत्सवलगायतका बिभिन्न कार्यक्रम गर्दै आएकोमा अब त्यस्ता कार्यक्रम गर्न टाइगर प्यालेसमा आउने क्रम बढेको शान्त वातावरण, उत्कृष्ट सेवा तथा विदेशी पर्यटकहरूका लागि नेपालकै सबैभन्दा ठूलो क्यासिनोसमेत रहेकाले पनि सबैको आकर्षण बढ्दै गएको हो । रिसोर्टमा अहिले मुख्य ग्राहकका रूपमा भारतीयहरू नै बढी छन् । गत वर्षको डिसेम्बर २४ बाट बुकिङ सुरू भएको यो टाइगर रिसोर्टमा मुम्बई, दिल्ली, लखनउ, बनारस, कानपुर, गोरखपुरलगायतका अन्य ठूला सहरबाट पर्यटक आउने गरेको रिसोर्टकी सेल्स म्यानेजर अनिता बस्नेतले बताइन् ।

# बस सेवाबाट हजारौं यात्री लाभान्वित

काठमाडौं । नेपाल तथा भारतको विहारबीच बस सेवा सञ्चालन भएयता २० हजारभन्दा बढी यात्रु लाभान्वित भएका छन् । प्रदेश २ को राजधानी जनकपुरबाट पटना र काठमाडौं-बोधगयाबीच सञ्चालन भएको बस सेवा लिएर यतिको संख्यामा यात्रुहरू लाभान्वित भएका हुन् । भदौ २८ गते विहारका मुख्यमन्त्री नितिश कुमारले विहारको राजधानी पटनाबाट र भदौ ३१ गते प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले जनकपुरबाट हरियो झण्डा देखाएर बस उद्घाटन गरेका थिए । नेपाल-भारतबीचको पारवहन सम्झौता अनुसार दुई स्थानबीच बस सेवा सञ्चालनमा आएको हो ।

यसअघि जनकपुरबाट पटनासम्म पुग्न सीमा कटेर बस समाउनु पर्ने बाध्यता रहेको अवस्थामा दुई स्थानबीच बस सेवा सञ्चालनमा आइसकेपछि पटना पुग्न यहाँका यात्रुहरूलाई सहज भएको छ । जनकपुरबाट दैनिक ४ वटा बस पटनाको लागि छुट्ने गरेको छ । यसैगरी पटनाबाट पनि दैनिक ४ वटा बस जनकपुरको लागि छुट्छ ।

पछिल्लो दुई महिनाको अवधिमा जनकपुर-पटनाबीच मात्रै १२ हजार भन्दा बढी यात्रु बस सेवाबाट लाभान्वित भएका छन् । दुई देशबीचको बस सेवा अन्तर्गत काठमाण्डु-बोधगयालाई पनि हेर्दा यसअवधिमा १५ हजार यात्रु लाभान्वित भएका हुन् । नेपाल-भारत मैत्री बससेवा नाम दिइएको बससेवाका लागि नेपालको तर्फबाट काठमाण्डौस्थित स्वयंभु मञ्जुश्री प्रा.लि. र भारततर्फबाट विहार सरकारको विहार राज्य पथ परिवहन विभागले बस उपलब्ध गराएको छ । दुई मुलुकबीचको पर्यटन प्रवर्द्धनका साथै सांस्कृति सम्बन्ध थप प्रगाढ बनाउने उद्देश्यले बस सेवा सञ्चालनमा ल्याइएको हो । बस सञ्चालनमा आइसकेपछि यहाँका सर्वसाधारणलाई भारत पुग्न सहज भएको छ ।



## आर्थिक समाचार

### ग्लोबल आइएमईको शाखा कार्यालय उद्घाटन



काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले आइतबार पाल्पा जिल्लाको तानसेन र पूर्वखोलास्थित तानसेन शाखा र पूर्वखोला शाखा कार्यालयको औपचारिक उद्घाटन गरेको छ । पाल्पा जिल्ला र त्यस वरपरका बासिन्दालाई सेवा पुऱ्याउने उद्देश्यले खोलिएको शाखाको नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरंजीवि नेपाल र तानसेन नगरपालिकाका मेयर अशोक कुमार शाहीले संयुक्त रूपमा उद्घाटन गरेका छन् । उक्त शाखाको उद्घाटन गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर नेपालले पाल्पा जिल्ला लगायत देशका अन्य जिल्लाहरूमा ग्लोबल आइएमई बैंकले विस्तार गरेको सेवा सञ्जालले देशको समग्र आर्थिक वृद्धिमा उल्लेखनीय टेवा पुगेको बताए । उक्त कार्यक्रममा बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल लगायत स्थानीय जनप्रतिनिधि, बुद्धिजीवि तथा स्थानीयवासीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । शाखा उद्घाटन समारोहमा बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले ग्लोबल आइएमई बैंक सुविधा सम्पन्न स्थानमा मात्र नभएर विकट क्षेत्रमा समेत पुगेर आफ्नो सेवा प्रदान गरिरहेको जानकारी गराउँदै सबै वर्ग र क्षेत्रलाई बैंकिङ्ग पहुँचमा ल्याउने बैंकको प्राथमिक उद्देश्य रहेको बताए ।

### वित्तीय सचेतना कार्यक्रम

बुटवल । अर्थतन्त्रको प्रमुख आधार मानिएको कृषि र कृषिमा किसानहरूको घट्दो आकर्षणमा राज्यद्वारा गरिएका व्यवस्थाहरूलाई मध्यनजर गर्दै शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड बुटवल, रूपन्देहीले वित्तीय सचेतना तथा अन्तरक्रिया कार्यक्रम गरेको छ । बैंकले श्री टिकुलीगढ दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड तिलोत्तमा-१४ बनकट्टीका कृषकहरूका बीच बैंकका नायब महाप्रवन्धक लोकराज पनेरू, सामान्य सेवा विभाग प्रमुख लालमणी पन्थीको उपस्थितीमा बनकट्टी शाखाका शाखा प्रवन्धक यज्ञ न्यौपानेको सञ्चालनमा गरेको हो । उक्त सचेतना तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै जिल्ला दुग्ध उत्पादक सहकारी संघका उपाध्यक्ष ज्ञान प्रसाद भुर्तेलले बैंकिङ पहुँच नपुकेको क्षेत्रमा शाखा स्थापना गरेर बैंकले किसानहरूका आर्थिक समस्यालाई समाधान गर्न अग्रसर रहेकोमा प्रशंसा गर्दै लगानी धेरै भएपनि जग्गा थोरै हुँदा सुविधा लिन कठिन भएको बताए ।

### आइएमई डिजिटल र जनताबीच सम्झौता

काठमाडौं । आइएमई ग्रुपद्वारा प्रवर्द्धित 'आइएमई डिजिटल' र जनता बैंक नेपाल लिमिटेडबीच 'आइएमई पे' मोबाइल मनीमार्फत विविध मोबाइल वित्तीय सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । आइएमई डिजिटलका तर्फबाट प्रमुख संचालन अधिकृत डेनियल डी श्रेष्ठ र जनता बैंक नेपाल लिमिटेडको तर्फबाट प्रमुख अधिकृत परशुराम कुँवर क्षेत्रीले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार जनता बैंक 'आइएमई डिजिटल' को बैंकिङ्ग साझेदार संस्था हुनेछ र बैंकका सेवाग्राहीहरूले चाडै नै आइएमई पे वालेटमा आफ्नो बैंक खाता लिङ्क गर्ने लगायत बैंक खाताबाट वालेट र वालेटबाट बैंक खातामा रकम जम्मा गर्ने जस्ता सेवाहरू प्राप्त गर्न सक्नेछन् ।

### प्राइमको शाखा विस्तार

काठमाडौं । आफ्नो शाखा संजाल बिस्तारको कममा प्राइम कमर्सियल बैंक लिमिटेडले पाँचथरको फालेलुङ गाँउपालिकामा शाखाको शुभारम्भ गरेको छ । यस शाखाको संचालनपछि बैंकको शाखा कार्यालय संख्या ६९ पुगेको छ । स्थानीय उद्योगी, व्यवसायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरूको उपस्थितिमा बिहीबार एक समारोहका बीच फालेलुङ गाँउपालिका अध्यक्ष सन्च कुमार केरूङले शाखा कार्यालय फालेलुङको उद्घाटन गरेका छन् । यसै कमलाई निरन्तरता दिंदै बैंकले आगामी दिनहरूमा पनि शाखाहरूको संजाल बिस्तार गर्दै लगी आफ्नो सेवा दिन अग्रसर रहेको प्रतिवद्धता प्रकट गरेको छ ।

# नेपालले भारतबाट दुइटा रेल किन्ने

काठमाडौं । नेपालले भारतसँग दुईवटा रेल किन्ने तयारी गरेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले रेल खरिदका लागि सबै प्रक्रिया पूरा भइसकेको उल्लेख गर्दै जनवरी १० (पुस २६ गते) दुई देशबीच खरिदको सम्झौता हुने जानकारी दिए । मन्त्री महासेठले खरिद गर्ने सम्झौता भएको २-३ महिनामा भारतबाट रेल नेपाल आइपुग्ने बताए । उनले सम्झौता गरेको एक महिनाजति रेल उपलब्ध गराउन भारतको रेल विभागलाई आग्रह गरेको बताउँदै नेपालको राष्ट्रिय झन्डा भएको रेल कुन दिन आइपुग्छ भन्ने टुंगो जनवरी १० मा लाग्ने जानकारी दिए । पहिलो रेल आएको अर्को २-३ महिनामा दोस्रो आउने महासेठको भनाइ छ । पहिलो रेल खरिदका लागि भारतले मूल्य पठाइसकेको र त्यो मूल्यमा नेपालले पनि सहमति जनाइसकेको उनले बताए ।सरकारले चालु आर्थिक वर्षमा रेल खरिद गर्न ५० करोड रूपैयाँ विनियोजन गरेको छ ।

## "भर्ना प्रक्रिया निष्पक्ष र पारदर्शी"

काठमाडौं । नेपाल प्रहरीमा रिक्त रहका विभिन्न पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्न संचालनमा रहेको छनौट प्रक्रिया थप निष्पक्ष र पारदर्शी रूपमा संचालन भइरहेको छ । नेपाल प्रहरीले दक्ष, सक्षम, निपूर्ण र शारीरिक रूपमा तन्दुरूस्त उम्मेदवार छनौटका लागि प्रहरी ऐन र नियमावलीको अधिनमा रही निष्पक्ष र पारदर्शी रूपमा छनौट गर्न जोड दिएको हो । यसका लागि प्रहरी प्रधान कार्यालय समेतबाट वरिष्ठ प्रहरी अधिकृतहरूको टोलीले स्थलगत निरीक्षण अवलोकन समेत गरिरहेको छ । छनौट प्रक्रिया लोक सेवा आयोग, स्थानीय प्रशासनका प्रतिनिधिहरू र परीक्षा बोर्डका पदाधिकारीबाट समेत प्रत्येक इभेन्टमा प्रत्यक्ष निरीक्षण हुँदै आएको छ । छनौट प्रक्रियालाई निष्पक्ष बनाउन भर्ना छनौट भइरहेका स्थानहरूमा विचौलियाको प्रवेशलाई पूर्णतया रोक लगाइएको छ । छनौट परीक्षामा खटिने प्रहरी कर्मचारीहरूलाई भर्ना छनौटका प्रक्रिया, ऐन नियमको पूर्ण रूपमा पालना गर्न कडा निर्देशन दिइएको छ । छनौटमा खटिने प्रहरी कर्मचारी कर्तव्यबाट च्युत नहुन, विचलित नहुन, निष्पक्ष जिम्मेवारी र दायित्व निर्वाह गर्न अभिप्रेरित गरिएको छ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं